नेपालको पहिलो बौद्ध मासिक पत्रिका

आनन्द भूमि

The Ananda Bhoomi

वर्ष ३२ अंक ४ शुद्धश्रावणशुक्लपूर्णिमा



रु.१५/-

नेपालको पहिलो बौद्ध मासिक पत्रिका

आनन्द भूमि

बु.सं. २५४८ ने.सं. ११२४ गुंपुन्हि २०६१, शुद्धश्रावणशुक्लपूर्णिमा
वर्ष ३२ अंक ४

The Ananda Bhoomi A Buddhist Monthly: Year. 34 No. 4

बुद्ध वचन

यो चे वस्ससतं जीवे – दुस्सीलो असमाहितो ।
एका'हं जीवितं सेय्यो – सीलवन्तस्स झायिनो ॥

दुराचारी र असमाहित पुरुषको सय वर्षको जीवनभन्दा सदाचारी र ध्यानी पुरुषको एक दिनको जीवन नै वेस छ ।

Better to live in virtue and wisdom
for one day than to live a hundred years
with an evil and undisciplined mind.

विषय सूची

१) प्रकाशकीय		२
२) सम्पादकीय		३
३) बुद्ध र सिद्धान्त	श्री. ज्तम्	४
४) गुँला धर्मयात दुवालाः	पं. रत्नकाजी वज्राचार्य	८
५) ईश्वरको ठूलो भूल	डा. गणेश माली	१७
६) न्यापु कं	राज् शाक्य	१८
७) उपासक उपासिका अर्थबोध	विश्व शाक्य	१९
८) ध्यान भावना र परिवर्तित चित्तावस्थाहरू	आचार्य श्रीधर राणा	२१
९) व्यथित मुटु	श्री. ज्तम्	२५
१०) Merit	Gautam Jyapu	२६
११) बौद्ध गतिविधि		२८

आनन्दकुटी विहार गुथि

पोष्ट बक्स : ३००७, आनन्दकुटी विहार, स्वयम्भू
फोन : ४२७१४२०, फ्याक्स : ४२२८०९७
ई-मेल : anandkuti@mail.com

नेपालको पहिलो बौद्ध मासिक पत्रिका

आनन्दभूमि

प्रमुख निर्देशक
भिक्षु कुमार काश्यप महास्थविर

प्रमुख सल्लाहकार
भिक्षु ज्ञानपूर्णिक महास्थविर

सम्पादक
भिक्षु धर्ममूर्ति

विशेष सहयोग
त्रिभुवनधर तुलाधर, भुरुँखेल

कम्प्यूटर सज्जा
नसना कम्प्युटर सर्भिस, न्युरोड

सहयोगीहरू
बुद्धजयन्ती समारोह समिति (श्रीघः), अ.करुणावती, नरेश वज्राचार्य (बुटवल), हरिगोपाल महर्जन, गंगाराम महर्जन, पेमा श्रेष्ठ, सरिता अवाले, सुनकेशरी श्रेष्ठ (बनेपा), उर्मिला महर्जन, माईकल श्रेष्ठ, विकास महर्जन, अजय शाक्य

प्रकाशक
आनन्दकुटी विहार गुथि
आनन्दकुटी विहार, स्वयम्भू
पोष्ट बक्स : ३००७
फोन : ४२७१४२०
फ्याक्स : ९७७-१-४२२८०९७
ई-मेल : anandkuti@mail.com

आवरण तस्वीर : प्रकाश माथेमा

का.जि.द.नं. ३४/०३४/३५
म.क्षे.हु.नि.द.नं. ५/०५९/६०

प्रकाशकीय

तीन दशकदेखि हरेक पूर्णिमाका दिन प्रकाशित हुँदैआइरहेको नेपालको पहिलो बौद्ध मासिक आनन्दभूमि पत्रिका प्रकाशन गर्ने व्यवस्थापनको भार गत तीन वर्ष अगाडी युवा बौद्धहरूद्वारा संचालित सुखीहोतु नेपालले लिएर आनन्दभूमिलाई वर्तमान अवस्थासम्म पुऱ्याउनु भएकोमा सुखीहोतु परिवारप्रति साधुवाद प्रकट गर्दछौं । विभिन्न कारणवश यसको प्रकाशन व्यवस्थाको भार पुनः आनन्दकुटी विहार गुथिले नै उठाउनु पर्ने बाध्यात्मक परिस्थिति सिर्जना हुनपुगेको छ । नेपालमा थेरवाद बुद्धशासन पुनर्स्थापना गराउनमा महत्वपूर्ण भूमिका निर्वाह गरिआएको ऐतिहासिक आनन्दकुटी विहारको प्रकाशनलाई दिगो र नियमित राख्न समस्त बौद्ध जगतको कर्तव्य हुन आउँछ भन्दा अत्योक्ति नहोला ।

एउटा आमालाई आफ्नो सन्तानप्रति हुने ममता शायद एउटा अविवाहित नारीले त्यसको अनुभव गर्न असम्भव नै नभए पनि कठीन चाहिं पक्कै हुन्छ होला । यही प्रकारले आनन्दभूमिप्रति आनन्दकुटी विहारको ममतालाई अरुले अनुभूति गर्न नसक्ला । आनन्दभूमिले नेपालको बौद्ध क्षेत्रमा जुन भूमिका निर्वाह गर्दै आइरहेको थियो त्यसमा कुनै प्रकारको कमी हुन नदिने प्रण गर्दछौं । हाल देखापरिरहेको वितरण पक्षको गुनासोलाई पनि यथाशिघ्र सुधार गर्नेछौं । आनन्दभूमिलाई पाठक, विज्ञापनदाता र शुभेच्छुकहरूबाट यथेष्ट माया-ममता मिल्ने कुरामा हामी विश्वस्त छौं । यसका पाठकलाई यथा समय र स्थानमा उपलब्ध गराउने र यथेष्ट पठनीय सामाग्री पस्किने आनन्दभूमिको ध्येय हुनेछ । हामीले यी अभिष्ट पूरा गर्न विद्वान लेखक, स्तम्भकार, विभिन्न संघ-संस्थाका शुभेच्छुकबाट सदा सहयोग प्राप्त हुने विश्वास लिएका छौं ।

सम्पादकीय

शान्तिको प्रयास अपरिहार्य

मुलुकको वर्तमान अवस्थालाई हेरेर सबै क्षेत्रका नेपालीहरू चिन्तित हुनु स्वाभाविक नै कुरा हो । सुन्दर, शान्त मुलुक भनेर विश्वमा कहलाइएको नेपाललाई आज आफ्नो मौलिक अस्तित्वसमेत जोगाउन मुश्किल भैसकेको छ । सरकार र विद्रोही पक्षले एक अर्कालाई कमजोर पार्नेको नाममा भिडन्तमा नै व्यस्त छन् । जस्को मार निर्दोष सर्वसाधारण जनतालाई परिरहेको छ । सरकार र विद्रोही पक्षबीच वार्ता होला र मुलुकमा फेरि एक पल्ट अमन चैन कायम होला भन्ने आशा र धैर्य धमाधम मलिनो हुँदै गइरहेको छ । यही सिलसिलामा देशका उद्योग व्यवसायलाई बन्द गराउने र नाकाबन्दीको दबावले देशको अर्थतन्त्रलाई नै अस्तव्यस्त पारिरहेको छ । देशमा दिगो शान्ति स्थापनार्थ तथा विद्रोही पक्षलाई शान्तिवार्तामा ल्याउनको माध्यमबाट समस्याको समाधान गर्न दबाव दिने उद्देश्यले निजी क्षेत्रको पहलमा शान्ति-च्यालीको आयोजना गरियो । नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल च्याम्बर अफ कमर्श, होटल एसोसिएसन अफ नेपाल र हाल बन्द गर्न बाध्य तुल्याइएका उद्योग, व्यवसायका उद्यमी र मजदूरहरूको सहभागिता रहेको ऐक्यबद्ध च्यालीले देशमा शान्ति स्थापनाको लागि जोड दिइएका थिए । उक्त च्यालीमा उद्योगी व्यापारी मात्र नभएर मजदुर, मानवअधिकारवादी, पर्यटन, शिक्षालगायतका पेसागत संघसंस्थाहरूले ऐक्यबद्धता जाहेर गरेर हिंसाहत्याको अन्त्य, सुरक्षाको ग्यारेन्टी र शान्तिको लागि प्रतिबद्धताको माग गरिरहेका थिए । राजनीतिक उद्देश्यबाट पर रहेर आमजनताको साझा चाहनाको प्रतिनिधित्व गरिरहेको आभास पाउन सकिन्थ्यो ।

मुलुकभित्र फैलिँदै गएको द्वन्द्वको कारण आमजनताले बाँच्न पाउने अधिकारबाट वञ्चित हुँदै जानुपरेको अनुभूति भैरहेको छ । उद्योग व्यवसाय जस्ता देशको मेरुदण्ड चन्दा, हडताल, नाकाबन्दीको कारण धराशायी बन्दैछ । आर्थिक रुग्णताले बेरोजगार र गरीबीको मात्रा चुलिन्दै गइरहेको छ । राजनीतिक उद्देश्यले संचालित सशस्त्र द्वन्द्वले सामाजिक एवं आर्थिक क्रियाकलापमा गहिरो र प्रतिकूल असर पार्दै लगेको छ । उद्योग व्यवसाय बन्द गर्न दबाव दिने र आमनागरिकको जनजीवनमा प्रत्यक्ष असर पर्ने नाकाबन्दीले देशलाई आर्थिक रूपले असफल र कंगाल बनाउने पूर्वाभास गराउन थालेको छ ।

देशमा व्याप्त द्वन्द्वको उपयुक्त निकास निकाल्नुपर्छ र दिगो शान्तिको लागि उठेका आवाजलाई वेवास्ता गरिएको छ । नागरिक समाजका सचेत वर्गहरू, मानवअधिकारवादी, आमजनताको भावनालाई बिल्कुलै वेवास्ता गर्नु अर्को ठूलो दुर्भाग्यपूर्ण कुरा हो । मुलुकको आर्थिक क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने उद्योगी, व्यवसायीले उचित सुरक्षाको अभावमा निर्बाध रूपले आफ्ना क्रियाकलाप संचालन गर्न नसकेको खण्डमा वस्तु र सेवाको आपूर्ति असहज हुने मात्र नभै दैनिक कमाइमा गुजारा गर्नुपर्ने मजदुरवर्ग पनि प्रत्यक्ष मारमा परिरहेका हुन्छन् । सरकार र विद्रोही दुबै पक्षलाई शान्तिको पक्षमा काम गर्न सबैले आ-आफ्नो क्षेत्रबाट आवाज बुलन्द पार्नु पर्छ । विश्वको इतिहासबाट प्रमाणित छ कि कुनै पनि विद्रोहको समाधान हतियारले भएको छैन । जबसम्म एक पक्षले अर्को पक्षलाई सशस्त्र बलले पराजित वा निष्क्रिय पार्ने मनोवृति रहिरहन्छ, तबसम्म द्वन्द्व समाधानको शान्तिपूर्ण उपायप्रति आकर्षित हुन सक्दैन । झण्डै एक दशकदेखि जनताको नाममा संचालित जनयुद्धको मार सबभन्दा बढी साधारण जनतालाई नै प्रत्यक्ष रूपले परिरहेको छ । त्यस्तै विद्रोहीलाई दमन गर्ने नाममा आमजनता नै सरकारी पक्षबाट पीडित हुनुपरिरहेको हामीले अनुभव गर्न सक्छौं । शान्तिका अग्रदूत बुद्धको जन्मभूमि नेपालमा हत्या, हिंसा व्याप्त भइरहनु समस्त बौद्ध समुदायको लागि चिन्ताको विषय हो । द्वन्द्वको समाप्ति र शान्तिको कामना समस्त नेपालीको एक मात्र चाहना हो । सरकार र विद्रोही पक्षबीच शान्तिवार्ता हुन नसकेकोले सबैलाई चिन्तित तुल्याएको छ । शान्ति बहालीको लागि सबै क्षेत्रले समानरूपमा प्रयत्नशील हुनु समयको माग हो ।

सब्बे तसन्ति दण्डस्स – सब्बेसं जीवितं पियं ।
अत्तानं उपमं कत्वा – न हनेय्य न घातये ॥

दण्ड देखेर सबै डराउँछन्, सबैलाई आफ्नो ज्यानको माया लाग्छ, त्यसकारण सबै प्राणीलाई आफु झैं ठानेर कसैलाई आघात नगर्नु, नगराउनु ।

संसारका सबै प्राणी भयरहित भएर जिउन पाउनु पर्छ भन्ने मान्यतालाई अनुसरण गर्ने समस्त बौद्ध क्षेत्रले देशमा शान्ति कायम गराउने प्रयत्न जुनसुकै पक्षले गरिए पनि उक्त प्रयास सफल होस् भन्ने कामना गर्दछ ।

बुद्ध र सिद्धान्त

साम उत्तम

'बुद्ध' शब्द कुनै व्यक्तिले दिएको संज्ञा वा पद होइन, न वंशाणुगत चीज नै हो यो त विशेषण हो । विशेषण यस अर्थमा कि एउटा साधकले साधनामार्फत् साधना लाभ गऱ्यो भने त्यसमा विशेषणयुक्त शब्दको प्रयोग गरिन्छ । जस्तो कुनै व्यक्तिले विज्ञानसँग आवद्ध भएर खोजीनीतिको कार्य गर्दछ भने उसलाई वैज्ञानिकका रूपमा हामी बोलीचालीको भाषा भन्दछौं । यसरी नै जो व्यक्ति बुद्धिको सहारामा बुद्धिभन्दा पनि माथि उठिसकेको छ, जागृत भइसकेको छ, ब्युंझिसकेको छ । उसैलाई हामी बुद्धका रूपमा चिन्दछौं । धेरैको उपकारार्थ, हितार्थ बुद्ध लोकमा प्रादुर्भाव हुनुहुन्छ त्यसैले भनिएको छ 'बहू नं वत अत्थाय उप्पजन्ति तथागता' उहाँ जस्तो सुशान्त, निःश्क्लेशी, अर्हन्त (अरि+हन्त) सम्यक सम्बुद्ध हुनुहुन्छ । सम्यक सम्बुद्ध तीन शब्दको संयोजनबाट बनेको छ । सम्यक =सही+सम्=स्वयं+बुद्ध=जागृत । यस अर्थमा बुद्ध भन्नाले सही रूपमा आफ्नो स्वविवेकले स्वयं जागृत हुनु भएको भन्ने अर्थ्याउँछ । जसले गर्दा बुद्ध कुनै अवतारी, देवता, देवपुत्र नभई हामी जस्तै रगतद्वारा सञ्चालित मांस र अस्थिपञ्जरले निर्मित कायकै एक रूप हो । तर हामी र उहाँमा यति फरक छ कि हामी निदाएका मानिस तर उहाँ जागृत मानिस । सामान्य रूपमा हामी आफू समानका मन मस्तिष्कबारे अनभिज्ञ छौं भने उहाँ जस्तो जो भित्री र बाहिरी प्रपञ्च र द्वन्द्व परिलुप्तको पहुँचबाट सम्म टाढिनु भइसकेका छन् उहाँसँग हामी दाँज्नु हिरासँग सिसा दाँज्नु सरह हुन्छ ।

उहाँले विश्वमा धर्मलाई एक सरल र सरस रूपमा उघार्नु भयो । उहाँ बुद्धधर्मका प्रतिपादक हुनुहुन्छ तर उहाँले पूर्णरूपमा अरूभन्दा भिन्न विचार बोकेको, सिद्धान्त बोकेको धर्मको प्रतिपादन गर्नुभयो । जसमा कुनै पनि व्यक्तिको विचार धारालाई कदर गरिन्छ । बुद्धले आफ्नो जीवनमा कहिल्यै यसो भन्नु भएन कि "तिमी मलाई पूजा गछौं त म तिमीलाई मुक्ति दिलाउँछु, वरदान दिन्छु" वरू यसको उल्टा "मैले भनेको भन्दैमा, या अरू कसैले भनेको भन्दैमा, कुनै ग्रन्थमा लेखिएको भन्दैमा, पुरातन भन्दैमा, सनातन भन्दैमा, समाजको संस्कृति भन्दैमा त्यसलाई तिमी विश्वास नगर्नु, स्वतन्त्र चिन्तन गरी हेर, कुन सही र कुन गलत ? अनि आफूले जुन निश्चय गऱ्यो त्यसैलाई मान अरूको लहैलहैमा नलाग्नू । यसबाट तिमी आफूलाई कमजोर नपार" बुद्ध वास्तवमा मानव इतिहासकै एक महान् संशोधक हुनुहुन्छ । उनले आफ्नो सम्पूर्ण शक्ति आधारहीन आधारको विरुद्ध लगाउनुभयो । उनले कुनै पनि चीजमा विश्वास गर्नु भन्नु भएन बरू यसो भन्नुभयो- शंका गर । बुद्धले धर्म प्रतिपादन गर्नुभएको त हो तर त्यस्तो धर्म जसमा व्यवहारिकपन छ । र यो प्रतिपादनको घटना विश्वको बौद्धिक चिन्तनको इतिहासमा एक अतुलनीय, अद्वितीय उदाहरण हो भन्नुमा अत्युक्ति नहोला । बुद्धको उत्पत्तिभन्दा अघि संसारमा अन्य धर्महरू थिए तर विशुद्ध धर्म भने थिएनन् । मानिसहरू परिपक्व बुद्धिका थिएनन् । बुद्धको प्रादुर्भावसँगै अघि वैदिक धर्मले पिल्सिएका मानिसहरू बुद्धको स्वतन्त्र चिन्तन र मानवतावादी विचारधारावाट प्रभावित भई बुद्धको पछिपछि लाग्न थाले । वास्तवमा बुद्धले नै स्वतन्त्र चिन्तन र मनन्को बाटो देखाउनुभयो । बुद्धले जुन कार्य गर्नुभयो यो एउटा युगको लागि अति आवश्यक क्रान्ति थियो । जो अन्धविश्वास र पाखण्डी विचारधाराले पिल्सिएका जनताका लागि एउटा अनमोल उपहार भईदियो जसरी प्यासीले पानी पिउँदा तृप्त हुन्छ । आफ्नो ज्ञान लाभ पश्चात्को सम्पूर्ण जीवनलाई उहाँले बहुजन हितार्थ, परोपकार्थ, लोकानुकम्पार्थ नै लगाउनुभयो । अन्य धर्मका प्रवर्तकहरू झैं उहाँले आफ्नो धर्ममा संख्या बढाउनुको सट्टा आफूले कठोर तपद्वारा प्राप्त ज्ञानको सारलाई जनताले बुझून, निवार्णको मर्म जगत्ले अनूभूति गरुन् भन्ने उद्देश्यले निरन्तर लाग्नुभयो ।

बुद्धले आफूलाई एक मार्गदर्शकको रूपमा लिनुहुन्छ र हामी पृथकजनहरूलाई बटुवाको रूपमा र भन्नुहुन्छ "तिमीलाई म त्यो नदीको बाटोसम्म देखाइदिन सक्छु, पानी पिलाउन त सक्दिन, प्यासी त तिमी हो, मैले पिएर त तिम्रो प्यास अवश्य पनि मेटिदैन ।" यसबाट हामी बुझ्न सक्छौं कि बुद्ध कति व्यवहारिक व्यक्तित्व हुनुहुन्छ । उहाँले आफ्नो शरणमा आएकालाई वरदानले मुक्ति दिलाउनु भएन तर करुणाले मुक्तिको बाटो देखाउनु हुन्थ्यो । यो नै बुद्धको एउटा अनुत्तर व्यक्तित्व थियो । एक अर्थमा उहाँ मरकदाता र जन्मदाता दुबै हुनुहुन्छ । मरकदाता यस

अर्थमा कि हामी पृथकजनमा भएको स्वभाव धर्मलाई ब्युँताई दिनुहुन्छ र जन्मदाता यस अर्थमा कि बुद्धले हामीलाई मार्ग निर्देशन गर्नु भई एउटा आर्य धर्म (सत्य-पथ) मा राख्न प्रेरणा र प्रयास गराउनु हुन्छ । सारांश त यति हो कि पृथकजनबाट पृथक अवस्थासम्म पुग्न उहाँ मार्ग निर्देशन गर्नुहुन्छ । हामी जस्ता पृथकजनहरूलाई सम्म पनि आफ्ले प्राप्त गर्नुभएको ज्ञान दिलाउन आफू स्वयं र आफ्ना शिष्य अनुयायीहरूसँग आफ्नो जीवनको अन्तिम घडीसम्म पनि निरन्तर बहुजन हितार्थ, बहुजन सुखार्थ, लोकानुकम्पार्थ उहाँ हिंडिरहनु भयो । उहाँले जुन ज्ञान लाभ गर्नुभयो वास्तवमा त्यो नै ध्रुवसत्य ज्ञान थियो । त्यहि ज्ञानले आजसम्म बुद्धधर्म अन्य धर्मका तुलनामा पृथक रहन सकेको छ । एकपल्ट बुद्धले यसो पनि भन्नु भएको थियो-"संसारमा यदि चतुआर्यसम्म विहीन धर्म छन् भने त्यो विशुद्ध मार्गको लागि सामर्थ्यविहीन धर्म हुनेछ ।" बुद्धले आफ्नो प्रमुख सिद्धान्तका रूपमा पनि चतुआर्य सत्यलाई नै लिनुभयो । बुद्धले जति पनि बताएका उपदेशहरू छन् ती सारांशमा निर्वाणसँग सम्बन्धित नै थिए र निर्वाणसम्म पुग्ने सबभन्दा सही बाटो यही आर्यअष्टाङ्गिक मार्ग नै हो । बुद्धको कठोर तप र अन्वेषण पश्चात् मात्र चतुआर्य सत्यको पत्तो भयो र उहाँ पनि यही मार्गबाटै बुद्ध बन्नु भएको थियो । र यसैको आधारमा कैयौं पृथकजनहरू निर्वाणको साक्षात्कार गर्न सफल भए ।

पाली भाषाको 'चतुअरिय सच्च' लाई संस्कृतमा चर्तुआर्य सत्यका रूपमा बुझ्छौं । स्वभावमा परिवर्तन नहुने भएकोले यसलाई गुणवाधकमा राखिएको छ । संख्याले चारवटा भएकोले यसलाई क्रमिकरूपमा यसरी बुझौं ।

१) दुःख सत्य
२) दुःख समुदय सत्य
३) दुःख निरोध सत्य
४) दुःख निरोध मार्ग सत्य

१) दुःख सत्य : दुःख छ । बुद्धले संसारमा सुख छ भन्नुभएन । दुःखकै बारे बढी बयान गर्नुभयो-सुख सत्य भनेर कहिल्यै भन्नुभएन । यथार्थवादी भएर हेर्दा हामी पनि बुझ्न सक्छौं कि वास्तवमा दुःख हाम्रो जन्मसँगै गाँसेर आएको छ । उहाँले जाति जन्मलाई नै पहिलो दुःखको रूपमा किन लिनुभयो ? प्रश्नको उत्तरमा यस्तो हुन्छ कि "जातिपि दुक्खा जरापि दक्खा व्याधिपि दुक्खो मरणम्पि दुक्खा सोक परिदेव दुक्ख दो मनस्सु पायासा दुक्खा पियेहि विप्पयोगो दुक्खो, अप्पियेहि सम्पयोगो दुक्खो, यम्पिच्छं न लभति, तम्पि दुक्खं सखित्तेन पञ्चुपादान खन्धापि दुक्खा' जन्मसँगै वृद्ध हुनुपर्ने, रोगी बन्नुपर्ने, मृत्युलाई स्वीकार्नुपर्ने, अप्रियहरूसँग बस्नु पर्ने । प्रियहरूसित बिछोडिनुपर्ने अनि आफ्ले चिताएको नपाउने तथा पञ्चस्कन्धको प्रादुभाव हुने आदिको कारणले दुःख उत्पत्तिको मुल जरो जन्म हुन आउँछ । यदि जन्म नै नभएको भए दुःखको सामना अवश्य गर्नुपर्ने थिएन । प्रतिसन्धि ग्रहण (विजारोपण) हुनुदेखि नै व्यक्तिको जन्म हुन्छ भनेर भनिन्छ । आमाको गर्भबाट छुट्टिनुभन्दा अगाडिको समय नै जाती हो । ज जन्म हुन्छ तब विज्ञान (मन) को पनि उत्पत्ति भइसकेको हुन्छ । त्यसैले बच्चा पेटबाट निस्किने बित्तिकै उ रून्छ । यदि बच्चा अज्ञानी हो भने उ किन रून्छ ? कारण प्रायः रोदन हामी दुःखमै गर्ने गछौं । हुन त श्वास फेर्न पनि बच्चा रूने हो तर उ त्यो कारणले मात्र रोएको नभई दुःखको फन्दामा परेकाले उ रून्छ । जहाँ उतारचढाव हुन्छ त्यहाँ सुख मात्र कदापि हुनसक्तैन । त्यसैले यहाँ दुःख अवश्य पनि छ । यहाँसम्म कि सुखको प्राप्तिका लागि पनि दुःख त अवश्य पनि गर्नुपर्छ । सुखको पछाडि दुःख त अवश्य पनि लुकेको हुन्छ । जुन चीज आफूलाई मनपरेर अघि भर्खर किनेर ल्यायौं भनूं र अहिले भर्खर कसैले बिगारी दियो वा चोरी दियो भने देखि अब हामी यहाँ बुझ्न सक्छौं आफूले चाहेको वस्तुले सम्म हामीलाई कति दुःखको सिकार बनाई राखेको छ । जुन चीज उत्पन्न हुन्छ र तुरुन्तै विनाश पनि हुन्छ । अब सोचौं जुन आफूले चाहेको हो त्यो भएन भने के हामी सुखी रहन सकौला र ? जुन कुरामा हाम्रो स्वामित्व छैन, त्यसले के हामीलाई सुख देला र ? हाम्रो जीवनलाई फर्केर हेरौं हामीले १००% मा कति प्रतिशत सुख र कति प्रतिशत दुःखको आभास पाएका छौं । वास्तविकता त यही हुनेछ हाम्रा जीवनमा घटेका घटनाहरूमा दुःखैले भरपुर छ । यो सत्यलाई कसैले नकार्न सक्तैन । त्यसैले यो आर्य सत्य हो ।

२) दुःख समुदय सत्य : दुःखको कारण छ । संसारमा दुःख मात्र छ भनेको भए यो निराशावादी धर्म (सिद्धान्त) हुन्थ्यो तर उहाँले दुःखको कारणबारे पनि बताउनुभयो ।

उत्पन्न भएर विनाश हुनुको पछाडि कुनै न कुनै कारण त अवश्य पनि लुकेको हुन्छ । हामीले सारा जीवनमा ३ अङ्गहरूबाट काम गर्छौं, शरीर, वचन र मनले । यी तीन अङ्ग नै हाम्रो दुःखको मूल हो । बिना सोचविचार हामी कुनै पनि काम गर्दैनौं र हामीबाट पनि बिना चित्ता (चिन्तन) कुनै पनि कार्य सम्भव छैन । विचारहीन भनेको अर्कै कुरा हो । हामीले कुनै पनि कुराको योजना बनाउँदा, मन (चित्त) नै प्रमुख रहन्छ । मन नै त्यसैले प्रमुख हो । कुनै पनि कार्य गर्नु अघि इच्छा त अवश्य पनि जागेकै हुन्छ । इच्छा र मनको सम्बन्ध त्यसैले यहाँ रहन्छ । त्यसैले मन नै कर्ता हो । राम्रो र नराम्रो दुवै कार्य हुनलाई चाहना हुनु आवश्यक छ । त्यसले दुःखको उत्पत्तिको मूल र अन्तिम तृष्णा हो । यसैले तृष्णा नै दुःख समुदय हो । आफ्नो भन्दै आएको मन र शरीर जुन हो त्यो आफूले भने जस्तो नहुँदा सुख भन्न त कसरी पनि सकिन्न । हामी यस्तो चाहन्छौं कि यो मैले भनेको जस्तो भइदेओस्, तर आफूले भने जस्तो नभइदिँदा हामी दुःखी बन्छौं । अब सारांशमा हामीले जुन इच्छा चाहना जगायौं, यहाँ इच्छा चाहना जगाउनु भनेकै आशक्ति हो र त्यसैले दुःखको कारण भयो तृष्णा ।

३) दुःख निरोध सत्य : दुःखको कारण भए जस्तै यसलाई पूर्णतः प्रतिनिःसर्ग, अनालय, निर्मूल पार्न पनि सकिन्छ । र निराशावादी पन्छाई धर्म (सिद्धान्त) लाई व्यवहारिक बनाउन यो सत्य पनि उहाँले बताउनु भयो ।

४) दुःख निरोध मार्ग सत्य : आर्य अष्टाङ्गिक मार्ग नै वास्तवमा निरोध सत्य हो । निर्वाणसम्म पुऱ्याउने डुङ्गा नै यहि हो । दुःखलाई निर्मूलपार्न सम्भव भए निर्मूल पार्ने उपायहरू पनि अवश्य पनि छन् । यसमा त्यसैले उहाँले आठ सम्यक मार्गबारे बताउनु भएको छ । जुन मार्गहरूको सहायताद्वारा हामी जागृत व्यक्तित्व हुन सक्छौं । यस्तो आठ मार्गहरूबारे पनि हामी बुझौं ।

क) सम्यक दृष्टि : वास्तविक आन्तरिक दर्शन । यथार्थरूपमा हेर्नु, हेर्नसक्नु नै सम्यक दृष्टि हो । जो जस्तो जे छ त्यसलाई त्यस्तै त्यहीरूपमा हेर्नु । मासुको आँखाले होइन, भित्री प्रज्ञाले हेर्नु । मूलभूतरूपमा भन्नुपर्दा, दुःखको ज्ञान, दुःख समुदयको ज्ञान, दुःख निरोधको ज्ञान र निरोध मार्ग ज्ञान नै सम्यक दृष्टि हो ।

ख) सम्य संकल्प : सही चिन्तन, सही धारणा भएमा मात्र सही संकल्प भन्न सक्छौं । जति बेला हाम्रो चिन्तन मनन ठाउँमा रहन्छ तब उसले सही र गलतबारे ज्ञान पनि त अवश्य हुन्छ । यसरी सही, विचार, चिन्तन, धारणा नै सम्यक संकल्प हो ।

ग) सम्यक वचन : सही वचन । हाम्रो जीवनमा चार प्रकारका बोलीवचनहरू प्रायः प्रयोग भइरहन्छन् ।

१) असत्य वचन २) प्रिय-शून्य वचन (चुगली) ३) पौरुष बचन (कडा वचन) ४) निसार वचन (बकवास)

यी चार प्रकारका दुर्वचनबाट पन्छिने नै सम्यक वचन हो ।

घ) सम्यक कर्मान्त : सही क्रियाकलाप । अर्को अर्थमा परोपकार, शरीरबाट गरिने राम्रा क्रियाकलाप । प्राणी हिंसा, चोरी, मिथ्याचरणबाट विरत हुनु सम्यक कर्मान्त हो । सारांशमा शारीरिक दुष्कर्म, दुराचारबाट टाढिनु नै सम्यक कर्मान्त हो ।

ङ) सम्यक आजीविका : सही आजीविका । जीवन जीउनका लागि जुन जुन प्रकारले आजीविका गर्ने गर्छौं, काम गर्छौं ती काम क्रियाकलापहरूमा शरीर, वचन र मनले अरूको हानी नपुऱ्याई यदि कमाई, आजीविका गरिन्छ भने त्यही सम्यक आजीविका हो । हतियारहरूको व्यापार, नाफा हुने किसिमले गरिने व्यापार, घुस, भ्रष्टाचार गरी कमाउनु, मासु, मादक पदार्थ, धूमपानको व्यापार इत्यादि कर्म हुन्छ भने त्यो सम्यक आजीविका हुँदैन । न्यायभित्र रहेर काम गर्नु पञ्चशीलको पालना गर्नु पनि यही अन्तर्गत पर्दछ । त्यसैले यो आजीविका आर्य मार्गमा अति महत्वपूर्ण छ ।

च) सम्यक व्यायाम : सही कसरत, मेहनत, उद्योग । यसमा ४ किसिमका कामहरू छन्, उद्यमहरू छन् ।

१) जुन नराम्रा काम हामीबाट भएको छैन, त्यसलाई नगर्ने उद्योग ।

२) जुन नराम्रा काम हामीबाट भयो तर फेरि पुनः नदोहोरियोस् भनि गरिने उद्योग ।

३) जुन राम्रा काम हामीबाट भएका छैनन्, त्यसलाई गर्ने प्रयास गर्नु ।

४) जुन राम्रा काम हामीबाट भइसके र फेरि पुनः पुनः गर्न गरिने प्रयास यी नै सम्यक व्यायाम हो ।

छ) सम्यक स्मृति : सही जागरूकता, अप्रमाद । सहीरूपमा

अप्रमादपूर्वक कार्य गर्दै लानु । यो ध्यान भावनासँग सम्बन्धित छ । यस विषयअन्तर्गत पञ्चेन्द्रियको व्याख्या गरिन्छ । जस्तो नाक, कान, आँखा, छाला र जिब्रो । यिनीहरूलाई धानेन्द्रिय, स्रोतेन्द्रिय, चुक्षुइन्द्रिय, कायइन्द्रिय र जिव्हाइन्द्रिय भनिन्छ । यिनीहरू आन्तरिक इन्द्रियहरू हुन् । बाह्य इन्द्रिय भन्नाले रूप, गन्ध, वासना, आवाज आदि । मनका विषयवस्तुसँग सम्बन्धित । पहिलो दृष्टिमा अथवा आँखा+रूप=देख्नु नै सम्यक स्मृति हो त्यस्तै जब कान+आवाज=सुन्नु, जिब्रो+वासना=चाख्नु (स्वादपाउनु) आदि, छाला+कुनै पनि ठोस, तरल या वाष्प वस्तु=स्पर्श आदि । कुनै इन्द्रिय र विषय वस्तुबीचको संयोजनमा जुन विषयहरूको उत्पत्ति हुने हो त्यो विषय वस्तुहरूलाई उत्पत्ति भएकै बेला जान्नु नै सम्यक स्मृति हो । यो विपस्सना साधना विना सम्भव छैन ।

ज) सम्यक समाधि : सही एकाग्रता । यस विषय वस्तुमा व्यक्तिले चित्तलाई एकाग्र गरी प्रथम, द्वितीय, तृतीया र चतुर्थी ध्यानसम्म लाभ गरी आफ्नो चित्तलाई अवितर्क, अविचार, उपेक्षावान, उपेक्षा र स्मृतिमा दृढ रही बस्दछ भने त्यही अवस्था सम्यक समाधी हो । यसरी यी आठ मार्ग नै दुःख निरोधको सोपान हो । यसैलाई आर्य अष्टांङ्गिक मार्ग भनिन्छ । यही चतुआर्य सत्यलाई आफ्नै प्रयासबाट र अन्वेषक गरी अभ्यास गरी जुन बुद्धत्व ज्ञान उहाँले साक्षात्कार गर्नुभयो । त्यसैले नै उहाँलाई सम्यक सम्बुद्ध भनिन्छ ।

अन्तमा वास्तवमा बुद्ध धर्म व्यक्ति प्रधान त छँदै छैन बल्कि विचार प्रधान छ । व्यक्तिगतरूपमा गौतम पनि एक मानिसमात्र हुन् । तर सम्यक सम्बुद्ध हुनुको नाताले उहाँ एक विशुद्ध अनुभूतिस्वरूप हुनुहुन्छ । यही नै उहाँको जीवनको लोकोत्तरस्वरूप हो । हामी द्वन्द्वपरिलुप्त मानिसहरूको त प्रकृत स्वभाव अध्ययन गर्न सकिन्न भने उहाँ जस्ता महापुरुषको त कुरै के गर्नु जो सबै बाह्य र आन्तरिक द्वन्द्वका पहुँचबाट निस्किसकेका हुनुहुन्छ, सर्व मानवीय विसंगतिहरूको अतिक्रमण गरिसकेका हुनुहुन्छ । तथा जसका लागि सुख दुःखरुपी वेदनाहरूको अनुभव गर्नु पनि बाँकी रहेको छैन । तर बुद्धका चित्तको अवस्थालाई आजसम्म कसैले पनि नियालेर हेर्ने जमर्को गरेन । वास्तवमै ती महापुरुष मनुष्यता तथा ज्ञानका एक नयाँ युग प्रवर्तक हुनुहुन्छ । तर हामीले ज्ञानी-विवेकशील मानिसहरूका पद चिन्हरूको बारे केही खोजीनीति गर्नसकेका छैनौं । यही खेदको कुरा छ । तर आज उपरान्त हामी पनि बुद्ध र उहाँको उपदेशहरूलाई बुझ्न जाउँ र अरूलाई पनि बुझाउँदै जाऔं । जान सकौं ।

॥ अस्तु ॥

अतुलनीय टिकाउ र आरामदायीसुविधाका साथ Jialing को परम्परागत पावरको आश्चर्यजनक संगम । आजैदेखि Jialing हाँक्न शुरु गर्नुहोस् र बाँकी अन्य बाइकहरुभन्दा तपाईंलाई धेरै अगाडि यसले पुऱ्याएको महशुस गर्नुहोस् ।

JIALING

Sugan Trading Company P. Ltd.
Jialing Complex, Basundhara, Ring Road
Kathmandu, Nepal
Tel : 4353136, 4355365,Max : 977-1-4355348,
E-mail : sujgan@mos.com.np
Tripureshwor Showroom, Tel : 249503

छिमिसं हे थःथःगु ज्या यायेमाः, तथागतं केवल मार्ग जक क्यना बी । ध्यानयागु मार्गय् वःम्ह ध्यानी मार बन्धनं मुक्त ज्वी ।

श्व हे सुभाषित वचन खः ।

मणितारा

MANITARA SHOPPING CENTRE
मणितारा सपिङ्ग सेन्टर

Siddhi Bhawan
Kantipath, Kathmandu
Nepal

Tel : 253008, 256165
Fax : 00977-1-258437
E-mail : mani@tara.mos.com.np

गुँला धर्मयात दुवालाः

पं. रत्नकाजी बज्राचार्य

गुँला धर्म धैगु गुँलाथ्व पारुकुन्हुनिसें यँलाथ्व पारुतकया दुने लच्छियंकं भीसं हना वया च्वनागु ला खः । थ्व लच्छिया दुने स्वनिगःया भी बौद्ध धर्मावलम्बिपिं, महायानी धर्मावलम्बिपिं सकलें स्वयम्भू महाचैत्यया दर्शन पूजन याःवनी । दर्शन याःवनीबले गुंला बाजँ थानाः (थःथःगु संस्कृतिया बाजं थाना) शाक्यपिसं तुतः नामसंगीति ब्वनाः बहा बही पतिकं च्वंपिं बुद्ध बोधिसत्वपिन्त नं पूजा याना वनेगु परम्परा दया च्वंगु दु । हानं सुथय् वा बहनी थ्व लच्छियंकं विहार विहारय् थःथःम्ह क्वापाः द्योया न्हचोने च्वना तुतः नामसंगीति ब्वनेगु परम्परानं थाय् कया वया च्वंगु दु ।

आः थन गुँला धर्म छाये धाल धैगु छकुचा खँ न्हचब्वय् : थ्व गुँला धर्मय् महायानया भिगू मूल आधार जुया च्वंगु नववैपुल्य सूत्र नव्याकर्णयात विशेष महत्व बिया वया च्वंगु दु । थ्व लच्छिया दुने विहार विहार छचैंखा छचैंखा पत्तिकं थुगु सूत्र पाःथ्यायेगु चलन भी महायानी बौद्धपिनिगु खः । नव्याकर्ण धायेबले १) प्रज्ञापारमिता २) गण्डव्यूह ३) दशभूमिश्वर ४) समाधिराज ५) लंकावतार ६) सद्धर्मपुण्डरीक ७) सुवर्णप्रभात ८) ललितविस्तर ९)तथागत गुहच (गुहचसमाज तन्त्र) खः ।

थुगु गुंगू नव्याकर्ण विहार विहारय्जक पाःथ्याइगु मजूसे जजमानपिन्थाय् छैंच छैंच नं नवसूत्र पाःथ्याइगु चलन दया वया च्वंगु खः । थौंकन्हे वया भी बज्राचार्य गुरुपिनिगु अभावं याना पाःथ्याः वनेगु चलन मदया वने धुंकल धाःसां ज्यू । अथेला गुरुजुपिसं धाइ, जजमानपिन्थाय् पाःथ्याः वनेगु परिश्रमया मू स्वाःने गयागु ति हे मसाः दक्षिणा बीगु । आवंनिसे पाःथ्याः वने म्हां धकाः वनी मखु । गुम्हं गुम्हं जजमानपिसं थथे नं याना हलकि दच्छिया छक्वः जक जूसां गुबले फुर्सद दत अबले १० म्ह/२० म्ह गुरुजुपिं ग्वःम्ह सःतेफु वःम्ह गुरुजुपिन्त सःताः न्हिच्छि बिइक त्रिकाल याना नव्याकर्ण पाःथ्याकी ।

थुकथं गुँलाथ्व लाया (लच्छिया) दुने गुंगू ग्रन्थ पाःथ्यायेगु अध्ययन यायेगु परम्परायात हे गुँला धर्म धाःगु खः । गुंगू ग्रन्थ पाःथ्यायेगु ला जुयानितिं हे थुगु लायात गुँलाथ्व धाःगु खः ।

हानं मेगु कथं धायेगु खःसा महामञ्जुश्री गुरुं नेपाः दे दयेकेत लः फुक्क पिने छ्वयाः बिज्यात । दे निर्माण याना बिज्यात । अनंलि गोश्रृङ्ग पर्वतय् लिधना च्वंगु स्वयम्भू महाचैत्यया ज्योतिरुपयात गौड देशया प्रचण्ड देव जुजुं गोश्रृङ्ग पर्वतस बिज्याना गुणाकर धयाम्ह गुरुयाके उपसम्पदा ग्रहण यानाः शान्त श्री भिक्षु जुया बिज्यात । अनंलि ज्योतिरूप स्वयम्भूयात चैत्याकारय् परिणत यायेत गुणाकर गुरुयाके हाकनं बज्राचार्याभिषेक कया शान्तिकराचार्य जुया बिज्यात । गुणाकर गुरुयाके आज्ञा कयाः ज्योतिरूप धर्मधातु स्वयम्भू महाचैत्ययात चैत्याकारय् परिणत यात । उगु बखतया चैत्यया स्वरुप जिं स्वयेबले धान्य रासीकृति चैत कथं गथे कि थूरया लसि कथं स्थापित याःगु जुइमा । गुकी द्यो मतसे खःप्वा जक दयेकूगु जुइमाः । थुकीया साथय् पंचपुरी नं स्थापना याःगु धैगु खँ स्वयम्भू पुराणस उल्लेख जुया च्वंगु दु । निर्माण कार्य सकतां सिधयेका कार्तिक शुक्लया पूर्णि (सकिमिलापुन्हि) कुन्हु उगु चैत्ययात दशकर्म प्रतिस्था आदि सम्पूर्ण सिधयेका बिज्यात । प्रतिस्थाकर्म सिधयेका गुला लिपा श्रावण ला लाःवल । थुगु श्रावण महिनाया ऋतुया आधारकथं वर्षा ऋतु जुयाः देशय् दैवीप्रकोप, अतिवृष्टि, अशान्ति, उपद्रव जुइगु यक्को सम्भव दु । अजाःगु उपद्रवयात शान्तिस्वस्ति यायेया निमित्तय् शान्तिकराचार्यजुं सकल देशवासीपिन्त स्वयम्भूया चैत्याकारया महिमाया नापनापं अतिवृष्टि उपद्रव पाखें बचे जुइत तःधंगु उत्सव कथं अवलोकितेश्वर बुद्ध बोधिसत्वपिन्त वन्दना पूजना यायेगु दुर्भेक्ष मजुइकेत प्रणिधान कथं भावभक्ति यायेया निमित्तय् देशवासीपिनिगु सांस्कृतिक बाजागाजा धाः (गुंला बाजं) थायेगु स्तोत्र, तुतः, नामसंगीति आदि ब्वनेगु पाःथ्यायेगु याकल जुइमाः । थुकथं स्वयम्भू महाचैत्यया प्रतिस्थाकर्म सिधःगुया गुला लिपा स्वयम्भू ज्योतिरुपया चैत्याकारया महिमा कंगु व स्वयम्भूया दर्शनया नापनापं देशय् जुइगु उपद्रव, अतिवृष्टि, दुर्भेक्ष पाखें बचे जुइगुं उपाय गुला लिपा लोकजनपिसं उत्साहया स्वरुपं ग्रहण याःगु धर्म जुया निति

हे गुँला धर्मया नामं प्रख्यात जुया वंगु जुइमाः । थ्व गुँला धर्मस थाइगु धाः बाजं हे गुँला बाजं धकाः धायेगु याना च्वंगु खः ।

थ्वहे अनुरुपं स्वनिगःलय् थःथःगु कथं थ्व गुँला धर्म हना वया च्वंगु दु । ललितपतन यल देशय् श्रावण शुक्लया प्रतिपदा अर्थात गुँलाथ्व प्रतिपदाकुन्हुनिसें बोगी वनेगु धका बहा बहीलय् स्थापना जुया च्वंपिं बुद्ध बोधिसत्वपिन्त दर्शन पूजन याःवनेगु नितिं नसंचा उलेवं धाः (गुँला बाजं) नौबाजा आदि थाना चाःहचू वनेगु प्रचलन थौंतक नं विद्यमान जुया च्वन । थथे हे भक्तपुर (ख्वप), थिमि व नगां आदिस नं थुगु हे अनुरुपं ल्यना च्वन तिनि ।

थ्व गुँलाथ्व पारुंनिसें यँलाथ्व पारुतकया दुने झी नेपाःमिपिसं तःगूमछि नखःचखः कःघाना वया च्वंगु दु । थ्व खः -

नागपंचमि

श्रावणशुक्ल पंचमियात नागपंचमि धका धाइ । हिन्दूतयस्सं माने याना वया च्वंगु नखः खः । थ्व गरुडपुराणया आधार कथं थुकुन्हु भोंतय् च्वया तःगु नागया किपायात थःथःगु मूलुखाया फुसय् गोबरं तिका पंचामृतं पूजा यानाः श्रद्धाभावं भक्ति याइ । थ्व पूजा यानाया प्रभावं दच्छि तकया नागया भय दइ मखु धैगु भावनां जाया च्वंगु दु । थुखे बौद्धतय् नाग तिका पूजा याये म्वाःगु खनेदु । छाये धायेबले बौद्ध धर्माबलम्बिपिनि न्हयाग्गु हे पूजाक्रियाय् नं नाग साधना याना पूजा याइपिं जूगु जुयानितिं थुकुन्हु नागपूजा यायेम्वाः धैगु प्रष्ट जू वः ।

यल पंचदान

स्वनिगःया बौद्धजनपिसं हना वया च्वंगु मध्ये ललितपतन यल देशय् जक हना वया च्वंगु गुँलाथ्व अष्टमि अर्थात् श्रावण शुक्लया अष्टमियात हे यल पंचदान धका न्यायेका वया च्वंगु आःजक मखु यक्को दँ न्हयोनिसें याना वया च्वंगु परम्परा खः । थ्व गुबलेनिसें धायेबले यक्को दँ न्हयो सर्वानन्द जुजुया पालंनिसे थुगु परम्परा न्हयाना वया च्वन धैगु सी दः वः ।

सर्वानन्द नृप जातकया आधार कथं भगवान दीपंकर बुद्धयात पंचामृत युक्तगु क्षीर गुलुपातय् थनाः छ्व, कय्गु, मुस्या, माय् आदि न्याता किसिमया बृहि सहित तया दान याना बिज्याःगु दिन खः । गुँलाथ्व अष्टमिया दिन खः । थ्व पंचदानया अर्थ कथं बिचा यायेबेले च्व खँ प्रष्ट जू वइ । पं धैगु पृथ्वीस जः धैगु बुया वःगु अन्न आदि दान बिइगु बांलागु दिन थुगु अष्टमि खः न्याता दान याना वया च्वंगुलिं हे थ्व अष्टमियात पंचाष्टमि नं धायेगु या : ।

पुनर्दीपावति राज्ये सर्वानन्देन धिमता ।
निर्मित्वा दानशालादि व्रीद्यादि विविधाणिना ॥

सर्वानन्द जुजुयां लिपा अनहे त्वालय् च्वंम्ह व्याहा (इहिपा) मयाम्ह ब्रम्हचारी मय्जु थकुमति शाक्यभिक्षुणी न्हिच्छि शीलय् च्वना बुद्धया परमभक्त जुया च्वंम्ह उम्ह मिसां थुगु उत्तमगु दिन गुँलाथ्व अष्टमि (श्रावण शुक्लया अष्टमि) कुन्हु दीपंकर तथागतयात निमन्त्रणा याना वसपोलया संघगण संकसितं दानशाला ग्वया : पिण्डपात्रय् पंचामृत सहितगु क्षीर थना पंचवृहि सहित नं द्वहलपा दान यात । जीवनया अन्त्य तक दान प्रदान याना थःगु सर्वश्व अर्पण याना दँय्दसं दान प्रदान यायेगुया निमित्तय् गुथि दयेका स्थापना याना थकल । मृत्यु पश्चात् उम्ह दानी मय्जु थकुमति शाक्य भिक्षुया मूर्ति (सालिक) ब्वया अष्टमिनिसें बाःछियंकं गुइतः बहालय् ब्वयाः प्रदर्शित यायेगु प्रचलन थौंतक नं दया हे च्वन तिनी । थ्वहे भ्वलय् धंःला हिटि, तःग्वः जाकि, चिग्वःजाकि नं प्रदर्शित याना तइ । थुगु तःग्वः जाकिया विशेषता छु धायेबले न्हयाक्को हे जहान परिवार दःसां छग्वः जक जाकिं सकसितं नयेत गाइगु जाकि खः धैगु न्यना तयागु खः । थुकिया जा थुइबले मनू स्वया लः जक अप्पो तयेवं गाः धैगु किम्बदन्ति दया च्वंगु खः ।

सर्वानन्द जुजु व गुइतः नर्कीया परम्परायात कःघाना थौंया अद्यापि तकं यल देया बौद्धजनपिसं बौद्ध धर्मयात श्रद्धावान जुया च्वंपिं वहा बहीया बज्राचार्य शाक्य भिक्षुपिन्त दँय्दसं पंचदान बिइगु चलन थौंतक नं चले जुया च्वंगु दनी । थ्व पंचदान यँ स्वया भिन्न जूगु खने दःवः । प्रत्येक बौद्धपिनिगु छयँ वा लाछि, फलिचाय् पंचदान बिइगु याना च्वनी । बहा बहीया भाया आजु (स्थवीर, थाय्पा) पिं बिज्यात धायेवं अनपिसं पूजा याका वसपोलपिन्त नं पंचदान बिया अले मेपिं सकसितं पंचदान बिइगु परम्परा थौंतक नं ल्यना हे च्वन तिनी । दानया महत्व आपालं दु । छता छता दानया छता छता महत्व दु ।

न्येकू पुइके

स्वयम्भू महाचैत्यया स्थानय् दच्छिया दुने दिवंगत जुया वंपिनिगु नामं न्येकू पुइकेगु बौद्ध महायानी बज्रयानीपिनि चलन दु । गुँलाथ्व पारुंनिसें यँलाथ्व पारुतकया दुने न्येकू पुइकः वनी । थुगु न्येकू पुइकेत पंचामृत पूजाभू तया केपू

तया स्वयम्भूया बुद्धाचार्य पूजा याना दस्तुर कया न्येकू पुइकेगु ज्या याइ । च्व न्येकू पुइकेगु नं च्वय् जक वा क्वय् गःचाःहिला पुइगु नं चलन दु । दिवंगत जुया वंम्हेसिया नामं नां कया मन्त्रोचरण यानाः न्येकू पुइ । न्येकू पुइकेगुया मतलब थ्व खः कि दिवंगत जुया वंम्ह दुर्गति जुइगु पाखें मुक्त जुया सत्गति प्राप्त जुइ धैगु विश्वास कथं थ्व न्येकू पुइकेगु याना वया च्वंगु खः ।

थ्व न्येकू पुइकेगु प्रचलन गुबलेनिसें वल धका दुवालेबले स्वयम्भू महाचैत्यया उत्पति कालनिसें हे चले जूगु धैगु सी दःवः । गुँला धर्म प्रारम्भ जूगु समकालनिसें थौंतक नं अटूट रुपं न्येकू पुइकेगु चलन दया च्वंगु कारणं हे थ्व खँयात पुष्टि मया धका धायेमछिं ।

न्येकू पुइकेगु सम्बन्धय् श्रृङ्गभेरी जातकय् थुकथं न्हयब्वया तःगु दु ।

न्हापा शशिपतन धैगु दे दु । उगु देया अधिपति सिंहकेतु नां जुया च्वंम्ह जुजु छमह दु । व जुजु नं थ्वहे गुँला लच्छियंकं न्येकू पुया, नमोबुद्धाय, नमोधर्माय, नमो संघाय धका त्रिरत्न वन्दना याना चैत्य पूजा प्रदक्षिणा याना च्वंगु जुया च्वन । वहे देशय् ब्याधा छम्ह नं दया च्वंगु व वया जहान नापं याना निम्हत्यपु जक दया च्वन । उम्ह ब्याधा न्हिंन्हिं जंगलय् वना आपालं प्राणीपिं स्यानाः चखुंबखुं चल्ला आदि स्याना जीविका याना च्वन । उम्ह ब्याधाया जहान धाःसा भातया ज्या खना छफुति हे चित्त बुझे मजूगु जुया च्वन । बारंबार धाइ- भो स्वामी, थ्व प्राणी हिंसा यायेगु ज्या तोता छ्वया दिसँ । प्राणी हिंसा यायेगु ज्या तच्वतं बाँमला धका बारंबार गंसां नं उम्ह ब्याधां व ज्यायात तोतेगु साहस मया । उल्तां थः कलायात हक्का ब्वःबिया मेगु छु ज्या यायेगु ? जिं ला तोतीमखु धका न्हिंन्हिं व हे ज्याय् लगे जुया आपालं वर्ष बिते जुल । छन्हु तोता वनेमाःगु शरीर । उम्ह ब्याधां प्राण तोतल । कलाम्ह नं थः भातया नापंतुं सति वन । उपिं निम्हं थःथःगु कर्मभोगया आधार कथं थःथःथगु लँपु लिना वन ।

हानं थुगु शशिपतन देशय् छम्ह ब्राम्हणया छचैं म्ये लहिना तःगु जुया च्वन । उम्ह म्येया कोखय् ब्याधा प्वाथय् च्वंवन । ब्याधानीं सत्य धर्मयात पालना याःम्ह जूगु जुया नितिं ब्राम्हणया कुलय् ब्राम्हणीया प्वाथय् (गर्भय्) च्वंवन । उम्ह ब्राम्हणया मास पूर्ण जुया मचा बुल । थुकुन्हु हे लहिना तःम्ह म्येया नं मचा बुल ।

उम्ह ब्राम्हणी मचा बःचाधिकः जुसेंलि मचायाके थःपिसं याना वःगु पुण्य सम्भारं याना व मचायाके पूर्वानुस्मृति दया वल । व मचां सीकल कि थ्व जिमिगु छचैं दुम्ह चिकिचाधिकःम्ह म्येचा पूर्व जन्मया जिम्ह भात खः धका सीकाः उम्ह म्येचित बांलाक्क न्हिंन्हिं बिचा याना च्वंगु जुल । तर थ्व खँ सुचुका तल । कथंथें उम्ह ब्राम्हणी मचा तःधिक जुया वसेंलि व म्येचित ज्वःवनीम्ह वहे जुया वल । ईलय् नकेगु त्वंकेगु याना च्वन । कथंकें ब्राम्हणीचा व म्येचा ल्यासे ल्याय्म्हया अवस्था जुया वल ।

छन्हु सदांथें म्ये ज्वः वबले जंगलय् थ्वंका म्येया लः त्वने प्यचना खुसिइ वना तः त्वंवबले गनं गनं धुं छम्ह वया उम्ह म्येयात स्याना बिल । फुक्कं नया क्वँय् क्वँय् जक बाकि याना उम्ह धुं थःगु लँ तप्यंका जंगलय् दुहाँ वन । थुखे ब्राम्हणीया थःम्ह पूर्वजन्मया भात म्ये मखना उखेथुखे माःजुल । छथाय् खुसिया सिथय् क्वँय् जक बाकि याना तःगु खना क्वथिइक स्वया थ्व जिम्ह मयेया अस्थि खः धका नुगः मछिंका खुसिया सिथय् च्वंगु क्वँय् फुक्कं द्वँचिना मुना उकिया दचोने सुवर्ण बालुका, चैत्य (फिया चैत्य) दयेका वन्दना याना चाःहुला उकुन्हु लिहाँ वया थः मां बौपिन्त फुक्कं वृतान्त कंगु जुल ।

कन्हेकुन्हु नसंचा उलेवं उगु अस्थि दुने तया दयेका तःगु फिया चैत्यस छपु न्येकू अनहे तिया छपु न्येकू पुया नमोबुद्धाय, नमोधर्माय, नमोसंघाय धका उम्ह म्येया नां कया पंचोपचार पूजा याना न्येकू पुया दुर्गतिमोचन जुया सत्गति प्राप्त जुइमां धका न्हिंन्हिं भावभक्ति याना च्वन ।

थथे धका नं प्रणिधान यातकि थ्व जिमि भातं पूर्वजन्मय् ब्याधा जुया आपालं प्राणीपिन्त स्याना प्राणी हिंसा याना दुःख बिया जूगु पापं याना थुगु जन्मय् म्ये जुया जन्म कालं नं हिंसक जन्तुं स्याका प्राण हरण याके माल । जिं थुगु पूजा यानाया प्रभावं वं गुलिनं अपराध याना तःगु फुक्कं नाश जुया मदया वनेमां धैगु भावना याना पूजा याना वंगु जुल । प्रतिदिनं पूजा याना च्वच्वं ३१ स्वीछन्हुया दिनस म्ये जन्म कया च्वंम्ह ब्याधा ब्राम्हणीया प्रणिधान एकाग्रतां याना फुक्क पाप नाश जुया सुन्दर पुरुषया रुप धारण याना तिया तःगु न्येकुतिं तिइजक पिहाँ वया पूर्वानुस्मृति दुम्ह जुया धन्य धन्य प्रिय, छंगु सत्विचारं छुंगु पुण्यया प्रभावं जि पापियात उद्धार यात । धन्य खः छ प्रिय धका हर्ष याना धाःगु खँ न्यना उम्ह ब्राम्हणी आश्चर्य चाया जिम्ह प्राणनाथ खः धैगु सीका थुपिं निम्ह निम्हत्यपु जुया आनन्दपूर्वक जीवन हना च्वन ।

तः दँ तक दाम्पत्य जीवन हना च्वच्वं छन्हु उगु देशया

जुजु परलोक जुया वसेंलि दक्कोसिगु सहमति कथं न्येकूलिं उत्पत्ति जूम्ह उम्ह महापुरुषयात हे देशया अधिपति जुजु ल्यया भिंगु दिनय् राज सिंहाशनय् तया राज्याभिषेक बिल । न्येकूलिं पिहाँ वःम्ह जुगुलिं श्रृङ्गकेतु राजा धका नामाकरण यात ।

थुकथं ब्राम्हणी नं न्येकू पुया पूजा याःगुलिं देया लानी तकं जूगु व थम्ह पूर्व जन्मया भातया सकतां पापकर्म नास जुया वना देया तःधंम्ह जुजु तकं जूगुलिं न्येकू पुया पूजा यायेगु अति उत्तमगु भाःपा थ्व पुण्य भूमिइ नेपाःगालय् स्वयम्भूइ जक मखु झीगु थ्व स्वनिगःलय् हे थौंतक नं चले जुया च्वंगु दनी । थुगु परम्परायात म्वाकातय्त यलया जुजु लक्ष्मी नरसिंह ने.सं. ७५४ स छगू थिति दयेका दँय्दसं १० गु त्वाःया पाःकथं न्येकू पुया नौबाजा थाना यलय् बोगी वनेगु प्रचलन न्हचाका थकल । थ्व प्रचलन थौंया अद्यापि तकं गुँला धर्म लच्छियंक सुथन्हापां बुद्ध बोधिसत्वपिन्त वन्दना पूजनाया साथय् पुरातात्विक वस्तुत अवलोकन याःवनेगु अद्यापि चले हे जुया च्वन तिनि ।

थ्व न्येकू पुया सिनां वंपिनिगु नामं जक पुइगु मखुसे देशय् महामारी, दुर्भेक्ष, अकालमृत्यु, भूक्षय थेंजाःगु प्रकोपयात नं शान्त यायेगु निमित्तय् नं थुगु पुइगु याना वया च्वंगु खः । थ्व चलन ख्वप देशय् नं थुगु हे कथं चले जुया वया च्वंगु दु । तर थौंया युगय् वया थुजाःगु संम्भारया झीगु संस्कृति न्हना वनीगु थिति न्हच्चोने दँ वया च्वंगु दु । पश्चिमी सभ्यताया संस्कृतिं नेपाःया संस्कृतियात सीमदयेक न्हंका छ्वयेगु कुतः जुया च्वंगु दु । थौंया युवापिसं वाःचायेके माःगु छु धाःसा थ्व न्येकू बाजा, धाः बाजं, पयँताः आदि झी बौद्ध महायानी वज्रयानीपिनिगु मू बाजंयात गुकथं संरक्षण सम्वर्द्धन बिया झीगु संस्कृतियात म्वाका तयेगु ? थ्व विषयलय् बिचा याये माःगु अत्यन्त आवश्यक जुइ धुंकूगु जिं तायेका च्वना ।

गुन्हुपुन्ही (गुंपुन्ही)

थ्व गुँपुन्ही गुन्हु तक भवःलाकं न्यायेका वया च्वंगु जूगुलिं हे गुँपुन्ही धाःगु खः । गुँलाथ्व द्वादशीनिसें बहा बहीलय् बहीद्यो ब्वयेगु चलन दु । अले व बहीद्यो ब्वयेगु परम्पराया दुने आपालं गुथिगाना दया पूजा भावभक्ति यायेगु चलन नं मदुगु मखु । थ्व गुँपुन्हीकुन्हु गुता किसिमया बुबः भुटि, मुस्या, ग्वःगु माय्, ग्वःगु मू, सिम्पु, मस्यां, चना, चिग्वः कय्गु पँमाय् आदि दायेका क्वाति त्वनी । छुचूं मर ी छाना थुकुन्हु स्वनिगःया बौद्ध जनपिं स्वयम्भू महाचैत्यया दर्शन पूजन याःवनी । गुम्हं स्वयम्भूइ वने मफुपिं बौद्धजनपिं थः थाय् बहाबही व बुद्ध बोधिसत्वपिन्त दर्शन पूजन याइ । अले छ्वचैं वना नित्यादि पूजा सिधयेका च्वय् न्हचब्वयागु क्वाति त्वनी । थ्व क्वाति त्वनाया प्रभावं प्वाःया विकार व रोग ब्याधि फुक्कं हे नाश जुया वनी धैगु विश्वास दु ।

थ्व गुँपुन्हीबले छगू छु धायेगु याना वया च्वंगु दु धाःसा थुकुन्हु गुकः तक नयाः गुजु वसःतं हिलाबुला याना पुनां गुंगू बही सीकः वनेगु (बहिद्यो स्वःवनेगु) धायेगु नं याना वया च्वंगु दु । द्वादशीनिसें चौथि तक गुन्हुयंकं थी थी कथं ज्याभवः न्हचाना च्वनी । ललितविस्तरया आधार कथं थुकुन्हु महामानव भगवान बुद्धं बोधिवृक्षया मुलय् च्वना बुद्धगयाय् तपस्या याना बिज्याःबले थुकुन्हुया दिनय् मार विजय याना बिज्यागु दिन खः ।

श्रावणे पौर्णमास्या वै कामरागान विर्निजयत्
परेशु दिवसेप्रातः स्कन्धमारादयाऽपिच ॥

स्कन्धमार काममार विजय याना बिज्यागु दिन खः । थ्वहे दिनय् यमपुरय् धर्म याना वंपिन्त उत्तर पाखेंया लुखां दुतयंका जटाधारी षदक्षरी लोकेश्वरया रुप दर्शन याका बिज्यागु दिन जूगुलिं थुकन्हु क्वाति त्वना, छुचूं मरी नया विहारय् ब्वया तइगु यमराजया विषयलय् च्वया तःगु प्रतिभराण्दो (पौभा) व बिलंपू (बिलपौं) आदि प्रदर्शित याना तःगु स्वःवनी ।

थ्वहे भवलय् स्वनिगःया किसानी (ज्यापु.) तय् छ्वचैं नी सी याना छुचूं मरी, क्वाति, जा व प्यता घासा तयाः ब्यांजा नकः वनेगु धका थःथःगु बुँइ वना बुँया प्यकुंनयस्सं जा भाग तःवने माःगु चलन नं थौंतक दया हे च्वन तिनि । थ्व ब्यांयात जा छाये नकः वनेमाःगुले धायेबले ब्यांजा नकेमाःपिं किसानतय्सं थुकथं धाइ । व ब्यांतय्सं वामाय् दाइपिं कीतय्त नया वामा बांलाक सप्रे यायेत मदत याइपिं जूगुलिं थुमित जा नकः वनेमाःगु खः धका धाइ ।

थुकुन्हुया दिनय् हिन्दू धर्मावलम्बिपिनि ब्राम्हणपिनि न्हूगु जनाई हिलीगु दिन जूगुलिं नं थ्व गुँपुन्हीयात रक्षाबन्धन जनाई पुन्ही धका नं धाइ । थुकुन्हु जनाई हिलेमाःपिनि छन्हु न्हचो नी सि यानाः सं खानाः मो ल्हुया पुन्हीकुन्हु थः पुरोहित ब्राम्हणपिं सःता वेद पाःथ्याका पुलांगु जनाई तोता न्हूगु जनाई चिना रक्षाबन्धन धका म्हासुगु कां (कुमोका) ल्हातिइ न्यातु हिंका मन्त्र ब्वनी । ल्हातिइ कुमोकां हिनागुलिं याना शरीरय् दया च्वंगु अनेक रोग व्याधि नाश जुया फुना वनी धैगु धापू दु ।

सापारु

थुकुन्हु भगवान बुद्धं बोधिवृक्षया मुलय् च्वनाः क्लेशमार, मृत्युमार व देवमार आदि विजय याना बिज्यागु दिन खः । थुकथं गुँपुन्ही व सापारुया दुने प्यंगू मार विजय याःगु दिन खः । मार विजय याना बिज्याम्ह बुद्धयात पूजा याःवनेगु भावना हे बहीद्यो स्वःवनेगु प्रचलन खः ।

थुकुन्हु हिन्दू धर्मावलम्बिपिनि थुगु दँय् गुलिनं सिना वंपिं दु थुपिं सकसियां सायाः छ्वयेमाःगु चलन दु । सायाः थुकथं छ्वइ ।

मनूयात भोंया सायागु ख्वापाः तयेक ग्वाय् छुका जोगीयाना चिम्ता ज्वंका सा छम्ह नं छ्वयेगु याना वया च्वंगु दु । सायाः छ्वयेगुबारे हिन्दू धर्म कथं थुकथं न्हचव्वया तःगु दु ।

दच्छिया दुने सिनांवंपिं फुक्कं यमद्वारया पिने च्वना च्वनी । अले सीपिनिगु नामं सा जुया वंपिं नकलि सायागु न्येकू नं थिना यमद्वारय् दुहाँ वनी धैगु हिन्दूतय् धापू दु । आपालं धन दुपिसं सीम्हेसिया नामं न्याम्ह खुहेसित सायागु ख्वापाः तयेका जोगी आदि भेष कायेमा रामायण हायेकेगु धका लयात्मक रुपं दिवंगतया गुणगान याना सायाः छ्वयेगु नं मदुगु मखु । फुक्क सायाः छ्वइपिनि ३६० पा स्वारी, मार्पा, हलाचाय् मरी, सिसाबुसा तथा सायाः वक्कोसित दान यायेगु परम्परा दु । थ्व सायाः छ्वयेगु चलन यँ, यल, ख्वप आदिस थःथःगु हे बिस्कं पह दु ।

च्वय् उल्लेख यानागु यँया कथं जुल । यलय् सायाः वनिपिं सकलें मंगलबजारय् मुना छकलं नापं वंसा ख्वपय् नं सकलें मुना देशय् दु बाजागाजासहित नं वनी तर न्हायपं कथिया खःचा दयेका प्यम्हेसिनं क्वबिया च्वयलाक्क दिवंगतया किपा घाना ज्वलिंज्वः वसः पुनां बाजं थाना बय. पूजा घिन्तांकिसित्वाक्क धैगु बोल वयेका बाजं थाना वइगु चलन ख्वययया खः ।

आः थ्व सायाः वइगु चलन गुवलेसंनिसें दत, आःजक दुगु ला न्हापांनिसें दुगु धकाः दुवालाः स्वयेबले थुगु विषय छगू धापू थुजाःगु दु कि न्हापा ३५२ दँ न्हच्चो कविन्द्र जय प्रताप मल्ल जुजुया काय् छम्ह मन्त । अले लानीं तसकं विलाप यात । सुनांनं हच्चेकां हच्चेके मफु । जुजुं बिचा यात कि थ्व लानीयात चित्त बुझे यातेत जुजुं देशय् घण्ठा घोषणा याका थ्व दँय् सीपिं प्रजाया परिवारपिसं सीम्ह परिवारया नामं भोंया सायागु ख्वाःपातं पुया चाःहुयेका हये माल व थन लायकूलिइ नं हये माल धका घण्ठा घोषणा यासेंलि उगु सः प्रजापिसं न्यना सीम्हेसिया नामं जुजुया लायकू जुना सायाः वनेगु यात । लानीयात नं लायकूया भ्यालय् तया क्यन । जुजुं का स्व लानी छंम्हजक सन्तान मदुगु मखु थुलिमछि प्रजापिनि नं सन्तान मदये धुंकल धका धासेंलि लानीया मन याउँकल ।

सायाः थःथःगु ताःलं वइ । भोंया सायागु ख्वापाः तया नं वइ । गुम्हं वँय् जुया वइ । गुम्हं जोगी जुया वइ । जिगु मन वैरागी जुल धका नकलि जटा तया कमण्डलु व चिम्ता नं ज्वना वइसा हाकनं सा जक नं छ्वयेगु चलन दु । थ्वया भाव थ्व खः कि साया दुरु न्हिंन्हिं त्वंका लहिना तयाम्ह जिम्ह फलाना मन्त धका सा छम्ह जक जूसां क्येना वःगु भाव खः । थुजाःगु कथं सायाः वनेगु चलन हिन्दूतय् जक मखु अर्ध बौद्ध जनपिं नं लाःवः । गथेकि ज्यापु, खुसः, कौ, नौ, गथु, छिपा आदिपिं खः ।

थ्व सापारुया बारे उगु ताकया शासकपिसं राजनैतिक वाक् स्वतन्त्रता बिया तःगु नखः धका नं धायेगु या : । व गुकथं धायेबले प्रजापिनि लायकूप्रति छु छु बिचार दु । लायकूप्रति प्रजापिनि सन्तोष वा असन्तोष ? थ्व स्वयेगुया लागि नं गुन्हु तक न्हचाम्हेसियां न्हचाग्गु हे धासां नं ज्वने मदु धका कानुन दयेका ज्वनेगु निषेध याना तःगु दु । थ्वया कारणं ख्यालः दयेका थी थी कथं व्यङ्ग याना वइ । जुजुयात नं ब्वःबिया वई । प्रजापिन्त नं ब्वःबिया वइ । उगु ईया वर्तमान देया वास्तविक वातावरण छु गथे खः ? थःथःगु हे पहलं न्हचव्वया ख्यालः वइ ।

थ्व सापारुकुन्हु स्वनिगःया बौद्धजनपिं थुकुन्हे स्वयम्भू महाचैत्यया दर्शन यायेत सुथन्हापां दना वनी । स्वयम्भू महाचैत्यया दर्शन पूजन याना आनन्दपूर्वक चाःहिला थःथःगु छचैं लिहाँ वनी । थुखे गुँला बाजं खलःपिनि त्वाःया फुक्क मुना वहा वहीलय् प्रदर्शित याना तःगु बुद्ध बोधिसत्वपिनिगु मुर्ति व पौभा विलंपु आदि पुरातात्विक वस्तु अवलोकन याःवनी । थ्वयात हे बहीद्यो स्वःवनेगु धका धाइ ।

बहीद्यो स्वयेथाय् बहा बहीलय् बया तइगु पुरातात्विक वस्तुत-

यँया थःने विक्रमशील महाविहार (थँवही) स लुँ आखः, वह आखः नं च्वया तःगु सत्सहस्रिका पंचविंशति प्रज्ञापारमिता महत्वपूर्णगु बौद्ध ग्रन्थत दर्शन यायेत वहीद्यो स्वःवनी, तापाकं तापाकंनिसें वइपिं लामागुरुपिं व विदेशी पर्यटकत आपालं वया स्वः वइ । थुगु लुँ आखः जक मखु सिंहसार्थ आजुया विलंपू नं प्रदर्शित याना तइ ।

भास्करदेव कृत केशचन्द्र पारावत महाविहार (इतुबहा) स लुँया आखःलं च्वया तःगु अष्ट सहस्रिका प्रजापारमिता

व केशचन्द्र आजुया ऐतिहासिक बिलंपू प्रदर्शित जुया च्वनी । पुरातात्विक वस्तुत विभिन्न देवदेवताया सिँया मूर्तित नं प्रदर्शित याना तइ । उगु लुँ आखःया प्रज्ञापारमिता पाःथ्यायेत थी थी विहारया बज्राचार्यपिं वना पाःथ्या वनेमाःगु केशचन्द्र गुथि नं स्थापना याना तःगु दु तर थौंकन्हे वया च्यान्हु तक पाःथ्या वइपिं गुरुपिन्त भोज याकेगु चलन दुगु खःसा आः वया उगु गुथिया बुँ फुक्कं बालिमवःगु कारणं याना थ्व गुथि नं न्हना वनीगु अवस्थाय् दया च्वंगु दु ।

राजकूल महाविहार (लायकूबही) स करिब ५ फुटति तःधिकम्ह लुँया सहस्रभूज लोकेश्वर (द्वछिका ल्हाः दुम्ह) स्वयेहे यइपुसे च्वंम्ह ब्वया तइ । थ्व लोकेश्वर आपालं फाइन जुया आपालं पुलांम्ह नं ख : ।

नदी संगम महाविहार (खुसिबही) स दकसिबय् स्वये लाइकगु त्यमां ख्वाःपा धका तःपाःगु ख्वाःपा छपा दु । थय्क स्वयेबले भैलःद्योया ख्वाःपाथें च्वं । थ्वया नापनापं पुलांपुलांगु वसः न्हापा न्येय् कु (५०) पर्सि सिने माःबलेया पर्सि खः । अथेहे पुलां पुलांगु ज्वलंत नं ब्वया तइ । खतु थ्व मल्लकालया वसःत खः । थ्व तेमां ख्वाःपा धाःगु सुयागु ख्वाःपा धका न्यने कने यानाबले अन विहारया शाक्यजुपिसं थ्व ख्वाःपा वीरकुश महाराजाया ख्वाःपा धका धायेगु याना च्वंगु दु । वीरकुश महाराजाया ख्वाःपाया विषय वीरकुशाबदानय् वर्णन याना तःगु अनुसारं छपा न्हाय्पं लासाथें लाया छपा न्हाय्पं फांगांथें फायेज्यू धका वर्णन याना तःगु अनुसारं थ्व पाय्छि जू धका धाये मछिं ।

थुगु अनुरुपं बहा बहीस बुद्ध बोधिसत्व दीपंकर आदि जक मखु विहार बही पतिकं छगू छगू अजाःगु अजू चाइपुगु पुरातात्विक वस्तुत ब्वया तइ ।

यलया मतया :

गुँलागाःया द्वितीया अर्थात् श्रावण कृष्णया द्वितीयाकुन्हु यलया मतयाः धका झिगु त्वाः या कथं गूगू त्वाःया पाःखः उकुन्हुया दिनय् सुथसिया स्वता ईलंनिसें यल देया चैत्य, बुद्ध, बोधिसत्व, अवलोकितेश्वर व देवदेवीपिं दया च्वनी, उगु थासय् तकं चाःहिला थःथःगु यथाश्रद्धां दक्षिणा व मर ीचरी, सिसाबुसा, देवा, धूं, धुपाय् व थःगु समुह समूह मिले जुया ज्वराज्वरा वसतं पुना भोजन आदि छाया वयेगु चलन दु । बाजागाजा धिमे, पछिमा, धाः, बय्, बासुरी आदि पुया उगु दँया दुने सिनावंपिनिगु नामं जक मखु म्वाना च्वंपिं नं थःगु श्रद्धा प्वंकः वनेगु थुगु पुण्य तिथि चाःहूवनेगु अत्यन्त फलदायेकगु धैगु सीका भावभक्तिं जायेका श्रद्धा भाव तया मतयाः वनेगु चलन थौंतक नं चले जुया च्वन तिनि ।

मतयाः धका छाये धाल ? धैगु विषयलय् यलवासीपिसं थथे नं धायेगु याना वया च्वंगु दु कि भगवान बुद्धं बोधिवृक्षया मुलय् तपस्या याना च्वंबले मारगणपिं वया तपस्या भङ्ग यायेत यक्को प्रयत्न यातं नं छुं हे सीप लगे मजूगु जुयानितिं मारगणपिं हारे चाया बिसि वंगु व दशदिग्लोकपालपिं वया भगवान बुद्धया विजयया महोत्सवकथं मत च्याकः वःगु दिन जूगुलिं थुगु दिनयात मतयाः धका धाःगु खः । अतः थुजागु दिनयात लुमंके कथं लोकजनपिसं मत बिया पूजा याना मतयाः न्यायेकेगु थौंतकं नं याना वया च्वंगु ख धैगु अनपिनिगु धापू दया च्वंगु दु । तर थौंकन्हे सिनावंपिनि परिवारपिनि जक अनिवार्य रुपय् मतयाः वनेमाःगु परम्परां थाय् कया वया च्वंगु दु, थ्व गथे जुया थुगु रुपय् हिल ? थ्व बिचा याये माःगु खँ खः ।

स्वयम्भू निसला छाये

गुँलागाःया द्वितीया वा तृतीयाकुन्हु गुँलाथ्व पारुनिसें स्वयम्भू महाचैत्यस न्हिंन्हिं वया च्वंपिं गुँला बाजं खलः त गुलि दु अर्थात् ग्वःथ्वः दु ? इपिं सकसियां निसला छायेगु अनिवार्य दु । द्वितीयाकुन्हु वयेमलाःपि तृतीयाकुन्हु वइ । स्वयम्भू महाचैत्ययात निसला किभू, सिसाबुसा, मरीचरी आदि थःगु यथा श्रद्धां छाये माःगु छाया, पूजा याना, तुतः ब्वनाः, परिक्रमा याना श्रद्धाभाव प्वंकी । हानं शान्तिपुरय् नं मद्यमांस सहितं तया पूजा याना गुँला बाजं खलःपिं सकसियां भ्वय् नइ । गुम्ह गुम्हेसियां गुथि हे दया च्वंगु दुसा गुम्ह गुम्हेसियां ल्हापं तथा भ्वय् नयेगु याना वया च्वंगु दु । यँया बहा बहीस नामसंगीति तुतः ब्वना च्वंपिनि नं क्वापाः द्योयाता धौबंजि छाया पंचामृतं पूजा यायेगु चलन दया च्वंगु दु । थन जक मखु यल, क्यपू, ख्वप, थिमी आदि थासय् नं थ्वहे चलन थौंतक नं दया वया च्वंगु दु ।

यँया पंचदान

नभकृष्ण त्रयोदस्या युगादौदेव पूजन ।
क्वाथपिवे ततोदानं बौद्धाचाराय दीयते ॥

गुँलागाःया त्रयोदशी अर्थात् श्रावण कृष्णया त्रयोदशीया दिनयात युगचह्रे धका नं धाइ । थ्व दिनयात कलियुग उदय जूगु दिन धका सीका वया च्वंगु दु । थुकुन्हुया दिनय् दीपंकर बुद्ध व बुद्धया धर्मयात क्वातुक्क ज्वना च्वंपिं धर्मय् आस्था तया

च्वंपिं बज्राचार्य, शाक्यजुपिन्त पिण्डपात्र, वा, छ्व, कय्गु, सिसाबुसा, दक्षिणा आदि दान याइ । थ्व यँ व ख्वपय् थुकुन्हु हे पंचदान बी । तर यँ व ख्वपय् थःथःगु हे बिस्कं पह दु ।

पंचदानया छन्हु न्हचो छचैं छखाँ नी सी याना द्यो ब्वइ । फतिंफक्को बांलाक किंकिनी जाल प्यना सिसाबुसा मरीचरी आदि तया बांलाक द्यो ब्वइ । पंचदान गुथि दुपिनि नं द्यो ब्वया पंजराँ जा (खीर) थुइ । कन्हेकुन्हु (पंचदानकुन्हु) स्वयम्भू महाचैत्ययात दर्शन याना पूजा याना स्वयम्भूस बिज्याना च्वंपिं गुरु बज्राचार्य व शाक्यपिन्त गच्छे अनुसारं दान प्रदान याना छचैं लिहाँ वना थःथाय् ब्वया तइम्ह बुद्ध भगवान लोकेश्वर व चैत्य आदियात थः गुरु गुरुपिं सःता पूजा याका पंचदान बिइगु ज्या जुइ । थ्व द्यो ब्वयेगु बज्राचार्य, शाक्य व तुलाधर थ्व स्वंगु जातिपिनि जक ब्वयेगु याइ । अले थःथः जजमानपिसं थः गुरुपिन्थाय् क्यपु ज्वना (पंचदान ज्वलं ज्वना) वनी । अले गुरुपिसं क्युपु तःवःपिन्त क्षीर स्वारी, मार्पा व गुम्ह गुम्हेसियां अय्ला नं त्वंका हइ । गुरुजुपिन्थाय् जजमानपिन्थाय् पंजराँ फःवनी । पिण्डपात्रावदानया आधार कथं थ्व पंजराँया दिनय् गंक्वाति दायेका त्वनेमा धका नं न्हचब्वया तःगु दु । गंक्वाति धैगु फ्वःया मतःगु गंगु गुता किसिमया बुबः खः ।

थ्व पंचदान बिइगु सुथंनिसें बहनी तक न्हिच्छिय्कं पंचदानं फःवक्कोसित बिया च्वनी । श्रावण कृष्ण द्वितीयाकुन्हु यलय् मतयाः वक्कोसिनं छु छु छाना वनागु खः व श्री स्वयम्भू ज्योतिरुपयात नं छाः वयेमा । उकुन्हु चानसिया २ ता ईलय्निसें हे स्वयम्भूस आपालं म्वः म्वः जुयाच्वनी ।

थ्व पंचदानया दिनय् ख्वपय् पंचदानया ज्या भ्वः थुकथं न्हचाना च्वनी । छन्हु न्हचो हे दीपंकर गुथिया संघ संयोजक व द्योभरिया (गुथिया शाक्यपिं) त मुनां साविकया थासं दीपंकर बुद्ध क्वहाँ बिज्याकी । ख्वप दे न्यंकंया श्रद्धालु दानपति कृषक उपासकया छचैं छचैं पतिकं सुचिनियम याना बँथिलाः छचैं छखाँ बँथिला मोल्हुया शुद्ध याइ । संध्याकाः ई जुइवं दीपंकर बुद्धयात निमन्त्रणा यायां दिपावली याइ (मत च्याकी), तुतः ब्वनी, गुँला बाजं (धाः) थानाा झो झो मुनाः बौद्ध भक्तजन समुदाय मत बी धका वया च्वंगु दइ । दीपंकरया पाःलाः गुथिया जः मुना थ्वया तिसाया धलः पौ लगत स्वया ठीक जू मजू जाँच याइ । मत ब्यूबनीगु दीपंकरया थाय् क्वय् कथं

१. मूल दीपंकर भ.न.प. ४ देवननी क्वाथंदों
२. झौरबही दीपंकर भ.न.पा. ६, ७ गोमरी
३. साक्वथा दीपंकर भ.न.पा. ८ तःधि छचैं चर्तुवर्ण विहार
४. थथुबही दीपंकर भ.न.पा. १५ इताछचैं
५. क्वथु बही दीपंकर भ.न.पा. १७ भारवाचो

पंचदानकुन्हुया बौद्ध संस्कृति व जनआस्था शुभारम्भ आदि पद्म महाविहार (त्वःबहा) भ.न.पा. १ सूर्यमढि दबू तौलाछचैंया लाछिइ पंचदानया चहलपहल कथं बौद्ध जनआस्थाया प्रदर्शन जुया च्वनी । ख्वप लागाया सकल श्रद्धालु दानपतिया गुथियारं पूजाया सामान दान यायेगु वा, छ्व आदि अनेतनेगु यथाश्रद्धा कीभू ज्वना विहारया शाक्यमुनि गौतम बुद्ध अमोघपाश लोकेश्वरया पूजा यायेत वया च्वनी, वनां च्वनी अन स्थविर (थाय्पाजु) बज्राचार्य, बुद्धाचार्य व शाक्य सकलें मुना सुथवंछि दान कया च्वनी, पंचदान बिया च्वनी । अनंलि तौलाछि त्वाःलय् लँलिसे जनपद पतिकं निमन्त्रणा व्यू ब्यूं छसिकथं दीपंकर बाजं खलः, द्यो भरियात लँलिसें न्हचाइ । सकल उपासकया छचैं छचैं पतिकं फलिचा फलिचाय् नं दीपंकर बिज्याकेत मू जजमानं तुति सिका पूजा अर्घ याना नापनापं दान प्रदानया ज्याय् ब्वति काकां छगू हे त्वाः त्वः मफिइक, दुवापतिकं न्याम्ह दीपंकर बुद्ध नृत्य प्रदक्षिणा व लोकोत्तर श्रद्धाभावं प्रदर्शन यासे थाय् थासय्या पूजा ग्रहण याइ ।

थुकथं हे बहनीथ्यंकं नं पंचदान न्हचाना च्वनी । तौमदि दबुस भैलः द्यो पाखे स्वका दीपंकर बुद्ध प्रदर्शन जुया च्वंथाय् तुतः ज्ञानमाला भजन याना गुँला बाजं थाना आरति (मतबिया) दिवाली संध्या याइ । थ्व ईलय् ख्वप देया यक्को जनसमुदाय दीपंकर दर्शन यायेत वइ । अले साक्वथाया गुथिया नायो खलःपिं सकलें मुना तुतः ब्वना आरति याना विसर्जन याइ । तुतः ब्वना दीपंकर नापंतु चाःहिली ।

अनं वया प्यकालँय् (दुवातय.) थकालि नकीं मय्जुं विसर्जन पूजा याना मत बिया मूल दीपंकर बुद्ध झौर बहीया दीपंकर बुद्ध पूर्व पाखे स्वका ल्यहाँ बियाकेत हानं न्याम्ह दीपंकर बुद्धपिन्त पालंपाः विसर्जन पूजा याना थःथःगु थासय् बिज्याकेत बाजं थाना लित हइ । थुगु महोत्सव पंचदान ख्वप देया थःगु हे विशेषता धायेमाः ।

थ्व दीपंकर बुद्धपिन्त ख्वपय् अजाजु द्यो भाःपा वन्दना पूजना व उत्सव जात्रा न्यायेका वया च्वंगु खः । निरंकुश राणा कालय् ब्राम्हणतय्गु ब्रम्हजालं याना थुजाःगु आदर्शमय जात्रायात बांरा जात्रा धका हिस्याये भनं धायेगु याना हल । हानं न्याम्ह दीपंकर बुद्धयात महाभारतया पंचपाण्डव धका धायेगु नं याना हल । थ्व उगु ताकया शासकतय्सं याःगु बौद्धतय्या नितिं तःधंगु हाथ्या खः ।

बौया ख्वाः स्वयेगु

गुँलागाःया औंसी आमावास्या अर्थात् श्रावण कृष्णया औंसीयात बौया ख्वाः स्वयेगु औंसी धका धाइ । थुगु दिनयात गोकर्ण औंसी धका नं धाइ । "बुद्धोक्त पाराजिकाय्" थथे धका न्हचब्वया तःगु दु ।

श्रावण च आमावास्यां मातृदर्शेव आत्मजैः ।
मानयेत्पितरं चैव तथैव लभते फलम् ॥
दिवंगत पितुर्नाम्ना गोकर्ण नाम तीर्थके ।
तद्दिने स्नानदानाच सुसंन्तान फलंलभेत ॥

थ्व दिन महत्वपूर्णगु दिन जूगुलिं काय् म्हचायपिसं बौयात हर्ष पूर्वकं माने यानाः मान्सम्मान बिया श्रद्धापूर्वक इच्छा दुगु नकेगु त्वंकेगु यानाः खुसी यायेगु चलन ख । बौम्ह सन्तोष जुया काय् म्हचायपिन्त शुभ-आशिर्वाद बिइवं काय् म्हचायपिन्त फल प्राप्त जुया महासुख प्राप्त जुइ । यदि बौम्ह परलोक जुइ धुंकल सा दिवंगत बौया नामं पुण्य तीर्थ (गोकर्ण) तीर्थय् वना स्नान दान व पिण्ड उद्धार यानाः बिल धाःसा मभिंगु गति-प्रेत गति, नर्कगति, तिर्यक्गति आदिइ लानाः च्वंसां नं अन्तराभवय् लानाः च्वंसां नं मुक्ति प्राप्त जुया सुखावति भूवनय् लाःवनी । थ्व खं स्वयम्भू पुराणया तीर्थमहात्म्य पुण्य तीर्थ अवदानय् नं बांलाक न्हचब्वया तःगु दु । अथे जुया निति थुकुन्हु गोकर्ण तीर्थस मेला हे जुया च्वनी । स्वनिगःया नेवाः जक मखु अन्य वर्ण जातियापिं नं वयापिण्डदान आदि याःवइपिं आपालं दइ ।

पारूभोय

यँलाथ्व प्रतिपदा अर्थात् भाद्र शुक्लया प्रतिपदा (परेवा) यात गुँला धर्म क्वचाःगु दिन धका धाइ । लच्छियंक न्हिंन्हिं स्वयम्भू महाचैत्यया सेवा यानाः च्वंपिं गुँला बाजं खलःत, दापा खलः त जक मखु भक्त श्रद्धाजु न्हिंन्हिं द्येके वया च्वंपिं फुक्कसियां थुकुन्हु भगवान बुद्धयात पूजा यानाः शान्तिपुर आदि पूजा यानाः भोय नया वयेगु परम्परा दु । भक्तजनपिनि लच्छियंकं छु नं छुं तोता तइपिं धायेबले गुम्हेसियां ला नयेगु तोतुसा, गुम्हेसियां अय्ला, गुम्हेसियां धुम्रपान तोता तइ । उकुन्हुया दिनय् शान्तिपुरय् पूजा यानाः फुकेयाइ । सकसियां हर्ष, उमंग, रहर यानाः लच्छिया सेवा क्वचायेकी ।

थ्व गुँला लच्छिया दुने सिलु तीर्थया नं मेला जूगुलिं उकुन्हुनिसें सिलुम्ये हालेगु तोता यंला लगे जुल धका संगीत प्रेमी दाजुकिजापिसं मालश्री लय्यागु म्ये हालेगु नं याइ ।

थ्व गुँला धर्म समाप्तिकुन्हु स्वनिगःलय् बहा बहीलय् नं तुतः नामसंगीति ब्वना गुँला बाजं थाना थःथःगु विहारया क्वापाःद्योयात धौबजि छाना पूजा यानाः गुम्हगुम्हेसियां थुकुन्हु गुथि न्यायेका गुँला धर्म समाप्तिया रहर बहर यानाः क्वचायेकी ।

थुकथं नेवाः बौद्ध जनपिसं गुँला लच्छिया दुने थःथःगु संस्कृतिया बाजागाजा थायेगुनिसें कया बौद्ध परम्परा रितितिथि नखःचखः हना बुद्ध बोधिसत्वपिनिगु महिमा, स्त्रोत्र, तुतः, नामसंगीति आदि पाःध्याना आध्यात्मिक संस्कारयात ल्यंका तये भनं न्हचाना वना च्वंगु भीगु गुँला धर्म खँ ।

थुथाय् छगू दुःखया खँ छु धाःसा भौतिक संस्कार थौंकन्हे हावी जुया वया च्वंगु दु । थौंकन्हे बौद्ध जनपिनि गुँला जोछि तुतः नामसंगीति ब्वने मंमदये धुंकल । धिमे, धाः, पछिमा, पयँताः, चचा स्यने सयेके मयेके धुंकल । थौंकन्हे पप संगीत, रक संगीत, च्याप संगीत आदिया बाजं थायेगु यानाः हया च्वंगु दु । थथे छाये जुल ? धका बिचा यायेबले भीगु संस्कृतिया महत्व भीगु कला कौसलताया विशेषता सुइतं ध्वाथुइक कने मफुगुया दसू खः । भीगु समाज संकुचित जूगुया दसू खः । सुनं मनू सयेके सीके धका वःपिन्त धाये मज्यू, स्यनेमज्यू, देखा कायेमा, देखा मदयेक छुं नं याये मज्यू धका स्यूपिसं मकंगु व कना मवंगुलिं इच्छा दया नं सयेके मखना वंगु खः । बाध्य जुया कर्किया संसार संस्कृतियात याउँक नाला कायेगु बाध्यता जुया वंगु खः ।

अथे नं भीसं थ्व नाला कायेमा कि भी नेवाः बौद्ध धायेत गर्भ दयेकेया निति जक जूसां भीगु आध्यात्मिक थःथःगु परम्परा संस्कृतियात म्वाका तये माःगु अत्यावश्यक जू वः ।

अथे नं भीसं थ्व नाला कायेमा कि भी नेवाः बौद्ध धायेत गर्भ दयेकेया निति जक जूसां भीगु आध्यात्मिक थःथःगु परम्परा संस्कृतियात म्वाका तये माःगु अत्यावश्यक जू वः ।

भीगु दयनीय जीवनय् आर्थिक, राजनैतिक, सामाजिक, भौतिक आदि न्हचाग्गु हे विसंगति नापं सामना याये माःसान थःगुत्वया नामय् नेवा बौद्ध समाजयात म्वाकेया नामय् भीगु संस्कार संस्कृति रितिरिवाज नखःचखः आदि लोकं ह्वाःगु परम्परायात म्वाकाः तये माःगु अत्यावश्यक जू वः । थुजाःगु नेवाः बौद्ध समाजय् महत्वपूर्णगु संस्कार संस्कृति दुवालेबले थ्व गुँला धर्मया दुने गुलि नं याना वया च्वनागु रितिथिति नखःचखः परम्परा दु, थ्व तसकं महत्वपूर्ण जू ॥ अस्तु ॥

सौजन्य :- पलेस्वां, अंक - १७

ईश्वरको ठूलो भूल

डा. गणेश माली

कोही ईश्वर छन् भन्नेमा विश्वास गर्छन् भने कोही गर्दैनन् । दर्शन शास्त्रका पुस्तकहरूमा ईश्वर छन् भन्नेतिर र ईश्वर छैनन् भन्ने दुवैतिर तर्कहरू दिइरहेका पाउँछौं ।

ईश्वर छन् भनी विश्वास गर्नेहरूमा पृथ्वीमा जीवहरूको सृष्टिबारे विभिन्न मतहरू छन्, जसमा धेरै समता छ । जस्तै शुरुमा सर्व शक्तिवान् ईश्वर मात्र थिए । अनि उनले संकल्प मात्रले ब्रह्माण्ड सृष्टि गरे । ब्रह्माण्डसँगै पृथ्वीको पनि सृष्टि भयो ।

शुरुमा पृथ्वीमा जीवहरू थिएनन् । पहिले स-साना जीवहरू सृष्टि गरिए । आहार नभै जीवहरू बाँच्न सक्दैनथे, त्यसकारण शुरुमा आफैंमा हरितकण (Chlorophyll) हुने जीवहरू (बिरुवाहरू) बने जसले पानी, हावा र घामको मद्दतले खाना तयार गर्ने भए, केही केही जनावरहरू यिनै बिरुवाहरू वा बिरुवाहरूका भागहरू खाई बाँच्ने भए । अनि केही जीवहरू यिनै जीवहरूलाई खाई बाँच्ने भए । जस्तै घाँसपात खाई फटेंग्राहरू बाँच्छन् भने फटेंग्रा खाई भ्यागुताहरू बाँच्छन् र भ्यागुता खाई सर्पहरू बाँच्छन् । यसरी यस पृथ्वीमा जीवहरूबीच आहारचक्र (जीवो जीवस्य भोजनम्) को प्रवर्तन भयो । यस प्रकारको परस्पर मारेर बाँच्ने जीवहरूको सृष्टि गर्नुलाई ईश्वरको पहिलो भूल मान्न सकिन्छ । जङ्गलमा गएर हेर्‍यौं भने एकले अर्कोलाई निर्ममतापूर्वक मार्दैखाँदै गरेको दृश्यहरू देख्न सक्छौं । अहिंसाको नियमलाई ईश्वरले प्रकृतिबाट निकाली दिएको भान हुन्छ, अर्को शब्दमा भन्ने हो भने अहिंसा प्रकृतिको नियमै होइन ।

ईश्वरको ठूलो भूल त तब भयो जब यस प्रकारको जङ्गली राज्यमा जीवहरूमध्ये अलि बढी बुद्धि र काम गर्ने क्षमता भएका मान्छेरूपी जनावर जातिको सृष्टि भयो । ईश्वरको यस प्रकारको पक्षपाती व्यवहारले गर्दा प्रकृतिमा अन्य जनावहरूको त दुर्दशा नै भयो ।

पृथ्वीमा मान्छे जातिको एकछत्र राज चल्नथाल्यो । अन्य सबै जनावरहरूलाई मान्छे जातिले बल, बुद्धि, छलकपटको प्रयोग गरी आफ्नो अधिनमा गराए । कतिको शिकार गरे, कतिलाई मारे त कतिलाई काटे र खाए, त्यसको हिसाबै रहेन । अन्य जनावरहरूको त के कुरा बलिया मान्छे जातिले स्वयं कमजोर मान्छेहरूलाई दासदासी नोकर चाकर बनाई अत्याचार गर्न थाले ।

स्वभावतः मान्छे जातिकै अनेक थरीका प्रजातिहरूले पृथ्वी ढाकियो । जनसंख्या वृद्धि हुनगई पृथ्वीले थेग्न नसक्ने अवस्थामा पुग्न थाल्यो, दुर्लभ मानिने मनुष्य जन्म 'सुलभ' बन्यो । फेरि मान्छे जातिमै पनि अनेक थरीका जाति, देश, धर्म, वर्ण, मत-मतान्तर आदिको नाममा विभाजन विखण्डन हुनथाल्यो । फलस्वरूप आ-आफ्नो स्वार्थको कारण, मान्छे र मान्छे जातिकैबीच संघर्ष, लडाइँ, झगडा चल्नथाल्यो ।

आफूले वैज्ञानिक बुद्धि प्रयोग गरी, पृथ्वीमाताका गर्भभित्रका सामान प्रयोग गरी बनाएका शक्तिशाली हतियारहरू (तरबार, बन्दुक, तोप, बम, अणुबम आदि) मान्छेले आफ्नो दुश्मन बनेका मान्छे जातिमाथि नै प्रयोग गर्न थाले, लाखौं युद्धहरू भए, करोडौंको संख्यामा मान्छेहरू मारिए, जसको कुनै गिन्ती नै छैन । यस्तो जघन्य क्रूरता र हिंसा त अन्य जनावरहरूबीच न कहिल्यै भएको थियो न हुने नै छ न त यस्तो हुने कल्पना नै गर्न सकिन्छ । यो क्रम अटूटरूपमा मान्छे जातिबीच आजसम्म पनि जारी नै छ, जुन ठूलो दुर्भाग्यको कुरा हो ।

ईश्वरलाई मान्नेहरू भन्छन् यो सब ईश्वरकै बुझ्न नसकिने लीला हो । मान्छेलाई कुख दिइ दिइकन संसारको निस्सारताको बोध गराई आखिरमा "त्वं शरणं" गराउन चालिएको चाल हो, जसद्वारा मानिसहरू अन्तमा गएर ईश्वर भेट्टाउँछन् । तर ईश्वरले चाहेको भए अर्कै किसिमको लीला पनि रच्नसक्थे होला । सर्व शक्तिसम्पन्न ईश्वरलाई यस्तो दानवी लीला वा खेल सुहाउँदैन । यस पृथ्वीतलमा शक्तिशाली वा ऐश्वर्यवानहरूले हारेकाहरूमाथि जति अन्याय अत्याचार गरे, ती दुःखले तडपेकाहरूको पुकार ईश्वरले किन सुन्दैनन् ? यो संसारमा वैचारिकता, शुद्धता वा हृदय शुद्धताको जीत होइन, परन्तु शक्ति, पैसा र हतियारहरूकै जीत भइरहेको छ ।

यसैबीच, प्रकृतिमा मच्चिरहेको हिंसा, मारकाट, निर्लज्ज व्यवहार, अन्याय-अत्याचारको विरोध गर्दै केही धर्महरू पनि प्रतिपादन भए, तर विभिन्न जाति, दलहरूबीचको संघर्षबाट निस्केको आगो, धुँवा र कोलाहलबीच ती धर्महरूका आवाजहरू सुनिएर पनि नसुनिने भएर गइरहेका छन् । उदाहरणार्थ मान्छेहरू वैरको जवाफ अझ कडावैरले

दिँदैछन्, यसो गर्नेहरू फेरी आफूलाई विश्वशान्ति र धर्मका कट्टर पक्षधर मान्दछन् । यहाँ भन्ने एउटा तर गर्ने अर्कोथरी भइरहेको छ ।

मान्छे मान्छेमाथि, सायद आफैंमाथि भइरहेको अन्याय अत्याचारलाई सहन नसकी महाकवि लक्ष्मीप्रसाद देवकोटाले कुनैबेला ईश्वरसित यसरी प्रार्थना गरेका थिए-"हे ईश्वर, मलाई भेंडा बनाइ देऊ ।" आज मानव समाजमा भइरहेको विध्वंश, हिंसा, अन्याय, अत्याचार र दुराचारहरूका ताण्डवनृत्य देख्दा हुन् त महाकविले सायद यसरी भन्दा हुन्- "हे ईश्वर ! यी मान्छेहरूलाई भेंडा बनाइ देऊ" किनकि सबै भेंडा भैदिए सायद समाजमा शान्ति छाउँथ्यो कि !

प्रकृतिमा चलिरहेको यस दैवीलीलालाई हेरेर हात बाँधेर बस्यौं भने, यो यसरी नै चलिरहन्छ । ईश्वरले गरेको भूललाई सच्याउन सक्ने कोही यस धरतीमा छन् भने ती मान्छे नै हुन् ।

आफ्नो दिलमा मैत्री, करुणा, मुदिता, उपेक्षाको भाव जगाई सबैलाई आफू नै ठानी, ईश्वरले दिएको बुद्धिलाई विध्वंशतिर होइन, रचनात्मक कार्यक्रमहरूमा लगाई स्वार्थगत संघर्षको आगो निभाई शान्तिपूर्पक रहन सकेमा साथै जनसंख्या नियन्त्रण गरी मुलुकले थेग्न सक्नेभन्दा बढी नबढाएमा र हिंसा रोक्न, मांसाहारलाई छोडी शाकाहारी जीवन व्यतित गरेमा सायद ईश्वरको भूल धेरै मात्रामा सच्चिँदा हुन् ।

यसको लागि सत्यतामा आधारित वैज्ञानिक मानव धर्मको जोडतोडले प्रचार-प्रसार हुनु आवश्यक छ, जसले मान्छे मात्रलाई शीलले बाँधोस्, मान्छेको मनलाई समाधिमा स्थापित गरोस् र प्रज्ञा-चक्षु खोलोस् । साथै, समाजसेवीहरूले निःस्वार्थ भावले समाजमा बलियोले निर्धोमाथि, धनीले गरीबमाथि गर्दै आएका दमन, शोषण अन्याय, अत्याचारका कार्यहरूलाई सदाको लागि अन्त्य गर्ने व्यवस्था गरुन् र शोषित र पीडितहरूको उत्थानको लागि कार्यक्रमहरू सञ्चालन गरुन् ।

यस्ता कार्यहरूलाई सम्भव गराउन हामी सबै जुर्मुराई उठेर काममा जुट्ने बेला आइसकेको छ, अझ पनि चुक्दै गयौं भने पछि पछुताएर पनि केही नहुने अवस्था आउन सक्नेछ । जस्तै तृतीय विश्वयुद्ध भइदियो भने के होला, अनुमान गर्न सकिन्छ । तसर्थ सावधानीपूर्वक अगाडि बढौं, शुभकार्यमा विलम्ब नगरौं, यसैमा हामी सबैको कल्याण निहित छ ।

सबैको मङ्गल होस्, सबै सुखी रहून् ।

न्यापु कं :-

राज शाक्य, कालेबुंग

(१)

थःत बौद्ध धया, धायगु छाय्
'ॐ नमः बुद्धाय' ।
'ॐ' खः त्रिदेव हिन्दुया
बौद्ध-धर्मे दुथ्याकेगु छाय् ॥

(२)

हलु धका सिक सिकं
कुतीं न्याना स्वयेगु छाय् ।
'अनित्य संसार' धका सिक सिकं
मोह-माया ख्वयेगु छाय् ॥

(३)

सम-अधिकार दया, पेन्ट न्हयायवं
मिसा मिजं जुई मखु ।
मुण्डन याना पीताम्बर पुनेवं
शील बिना सन्त जुई मखु ॥

(४)

बागमति खुसी, सुना वंगु मखु
सुना वगु ख नेवाः संस्कृति
'हाई' व 'बाई' ली भुले जापिसं
हायकि गथे ल्वहंया हिति ॥

(५)

क्वो, कोयल निम्हं हाकुसे चोंसां
सःलं छुट्टे जुई 'थ्व' धका ।
सुट टाई तथा अंग्रेज जूसां
व्यवहारं छुट्टे जुई 'सु' धका ॥

उपासक उपासिकाको अर्थबोध

विश्व शाक्य, पोखरा

बेलुकीपख नातिले सारै दुःख दिएर यस्सो घुमाएर ल्याउनु पऱ्यो भनेर निस्केको थिएँ । बाटोमा निस्केको मात्र के थियौं नातिले हात छोडेर बाटबाटो कुद्न थाल्यो । मोटर गाडी गुडेको गुडै गर्ने बाटोमा उसलाई कुद्न पाए रमाइलो । जोगाउनै मुश्किल । नातिलाई दोहऱ्याउँदै हिँड्दा-हिँड्दै बुद्धविहार पुगियो । नाति सानै छ भर्खर डेढ वर्षको भयो । भर्खर भर्खर हिँड्न जानेको उसलाई कुद्न पाए रमाइलो । विहारमा पुगेपछि बुद्धमूर्ति सामु वन्दना गरी वरी यताउती खेल्नमै उ भूल्यो । यतिखेर विहारमा चतारो पनि रहेछ । २५४८औं बुद्ध जयन्तीको तयारी चल्दै रहेछ । कतै रङ्गरोगन, कतै निम्तो तयारी, कतै भजन अभ्यास । जता हेऱ्यो उतै चतारो । केही युवायुवती भजन अभ्यासमा व्यस्त थिए भने कोही उपासकहरू सरसफाइ र निम्तो तयारीमा जुटिरहेका थिए । बच्चा यताउती उफ्रँदा उफ्रँदै थाकेछ काखमै निदायो । बोकेर घरसम्म ल्याई पुऱ्याउन पनि सजिलो थिएन । त्यसैले एकछिन त्यतै कतै सुताइयो ।

बच्चा सुतेको अवसर पनि केही युवाहरू कामबाट सुस्ताएको अवस्था पनि केही आध्यामिक चर्चा शुरु भयो । कुरै कुरामा एकजना युवा हुनसक्छ उनी युवा बौद्ध संघको नवआगन्तुक सदस्य हो: ले अप्रत्यासित रूपबाट यस पंक्तिकारसँग सोध्यो-"होइन दाइ ! बुद्ध धर्मसम्बन्धी त के कुरा मलाई त यो उपासक उपासिका भनेको पनि थाहा छैन । के भनेको यो उपासक उपासिका ? धर्मकर्ममा लाग्नेहरूलाई भक्ति, भक्तिनी भन्ने त सुनेको हुँ यहाँ त उपासक उपासिका भनेको सुनें ।"

उनको कुरा सुनेर वरपरका उपासक उपासिकाहरू गललल् हाँसे । वास्तवमा यो हाँस्ने कुरा त थिएन फेरि पनि ती युवाको नादानीप्रति तिनीहरू हाँसेको हो कि भन्ने यस पंक्तिकारलाई लाग्यो । वास्तवमा यो उनको नादानी थिएन उनको अनिभिज्ञता थियो । नादानी त त्यो हो जसलाई अर्थसार थाहा भएर पनि व्यवहारमा त्यसलाई प्रयोग गर्न सकिरहेको हुँदैन । विचरा ती युवक भर्खर विहारमा प्रवेश गरिरहेका छन् र यहाँको गतिविधिलाई अध्ययन गरिरहेका छन् तिनले अज्ञानतावस सोधेको प्रश्नमा के हाँस्नु थियो र ? व्यक्तिगतरूपमा भन्नुपर्दा पंक्तिकारलाई प्रश्नकर्ताप्रति होइन वरीपरी बसेर खिस्सीको हाँसो हाँस्नेहरूदेखि तीथ लागेर आयो । विचरा नादानहरू !

ती युवालाई उत्साहित गर्दै पंक्तिकारले भन्यो-"भाइले ठीक प्रश्न गर्नुभयो र सही प्रश्न गर्नुभयो । यहाँ धेरै समयदेखि विहार आएको भै तोपलेकाहरू जो आफूलाई खाती उपासक उपासिका भन्छन् तिनीहरूलाई समेत थाहा छैन उपासक उपासिका भनेको के हो भन्ने कुरा, भाइ भर्खर आउनु भएकोलाई के थाहा । धन्य भाइले हिम्मतसम्म गर्नुभयो आफूले नजानेको कुरा सोध्न र जिज्ञासा राख्न । यहाँ उपासक उपासिका भइसकेकाहरू जिज्ञासा राख्ने हिम्मतसम्म राख्न सक्तैनन् । कसैले बताउने कोसिस गऱ्यो भने सुन्नसम्म पनि चाहँदैनन् । यसरी पनि यहाँ उपासक उपासिकाको निर्वाह भइरहेको छ । यो कतुयथार्थको अगाडि भाइको यो प्रश्न अति जायज र सान्दर्भिक भएको मलाई लागेको छ ।

पंक्तिकारको उपरोक्त भनाइपछि अघि हाँस्नेहरूले निचोरेको कागती जस्तो अनुहार बनाउन थाले । प्रसङ्गलाई अगाडि बढाउँदै पंक्तिकारले प्रश्नकर्ताको जिज्ञासालाई मेट्ने प्रयास गर्दै भन्यो-"भाइ वास्तवमा भगवान् गौतम बुद्धले भन्नु भएझैं भन्ने हो भने, एकपटक कुरै कुरामा महानाम भन्तेले भगवान् गौतम बुद्धसँग सोध्नु भएछ- भगवन् कोही व्यक्ति उपासक कसरी हुन्छन् ?" प्रश्नको जवाफमा भगवान् गौतम बुद्धले भन्नुभएछ- महानाम ! जब ती व्यक्ति बुद्धको शरणमा जान्छन्, धर्मको शरणमा जान्छन्, संघको शरणमा जान्छन् तब उपासक बन्दछन् । (अंगुत्तर नि. ८,३,५)

भगवान् गौतम बुद्धले भन्नु भएअनुसार यसको अर्थ यो होइन कि जसले बुद्धं शरणं गच्छामि, धम्मं शरणं गच्छामि, संघं शरणं गच्छामि भनेर तीनपटक वन्दना गऱ्यो त्यो उपासक वा उपासिका भयो । जसले मन, वचन, कर्मले बुद्ध धर्म संघको शरण लिएको हुन्छ र तदनुरूप शील सदाचारको पालना गरेको हुन्छ तिनै उपासक, उपासिका हुन् वा हुन्छन् भनिएको हो । तर आजभोलि त उपासक उपासिका मात्र कहाँ हो र जन्मजात बौद्ध नै कहलिन लागि सके । के कुरा गर्नु ?

"महानाम भन्तेले कस्ता उपासकहरू शीलवान्

कहलिन्छन् ? भनेर सोधिएको प्रश्नमा भगवान् गौतम बुद्धले स्पष्टरूपमा भन्नुभएको छ- महानाम ! जब कोही उपासक जीव हिंसाबाट विरत रहन्छन् चोरीबाट विरत रहन्छन्, व्यभिचारबाट विरत रहन्छन्, मिथ्याबोली र बकवासबाट विरत रहन्छन् अनि सुरापान र मद्यपान जस्ता कुलतबाट विरत रहन्छन् ती उपासक शीलवान् कहलाइन्छन्" यसबाट के स्पष्ट बुझिन्छ भने उपासक उपासिका हुनु भनेको विहार गोम्बाहरूमा गएर शील प्रार्थना गर्नु र शील ग्रहण गर्नु मात्र होइन शील सदाचारलाई व्यवहारिकरूपमा प्रयोगमा ल्याउनु पनि हो ।

पंक्तिकारको जवाफबाट उत्साहित बनेका ती युवकले उत्साहपूर्वक जिज्ञासा थप्यो- "अनि दाइ ! उपासक उपासिकाबारे अरू कुराहरू पनि होलान् नि ?"

युवाको जिज्ञासाबाट प्रभावित हुँदै पंक्तिकारले भन्यो- 'अरे भाइ ! भाइहरूजस्ता जिज्ञासुहरूले राखेको जिज्ञासामा म आफूले जाने बुझेको कुरा बताउन पाए मेरो पनि गौरव हो नि भाइ । हेर्नुस् भाइ भगवान् गौतम बुद्धले सुनाउनु भएको र सिकाउनु भएको बुद्ध शिक्षामा उपासक उपासिकाका बारेमा थुप्रै कुराहरू सुनाउनु, बताउनु भएको छ । ती कुराहरू किताबहरू अध्ययनबाट थाहा पाउन सकिन्छ । मैले पनि किताब पढेरै थाहा पाएको हुँ । त्यसैले किताबमा लेखिएअनुसार उपासक/उपासिकाहरू तीन प्रकारका हुन्छन् भनेर भनिएको छ ।

एकदिन भिक्षुसभामा भिक्षुहरूलाई सम्बोधन गर्दै भगवान् गौतम बुद्धले भन्नुभयो-भिक्षुहरू हो ! पाँच प्रकारका दुर्गुण भएका उपासकहरू उपासक-चाण्डाल, उपासक-मल र उपासक प्रतिकुष्ट (नीच) हुन्छन् । कुन कुन पाँच भने- ती श्रद्धावान् हुँदैनन्, दुःशील हुन्छन्, कौतूहल-माङ्गलिक (शुभादिशुभ नक्षत्रको विचार गरेर मात्र काम थाल्ने) हुन्छन् । शुभ छ, मंगल छ भने मात्र काम थाल्छन् अन्यथा काम थाल्दैनन् । दानयोग्य व्यक्ति आफ्नै वरपर हुँदाहुँदै पनि अर्कैलाई खोज्दै हिँड्छन् अथवा आफूले चाहेकै मान्छेलाई खोज्दै हिँड्छन् । दान दिँदा पनि आफूले चाहेकोलाई पहिला दिन्छन् । भिक्षुहरू ! यी पाँच दुर्गुणले युक्त उपासक उपासक-चाण्डाल, उपासक- मल तथा उपासक-प्रतिकृष्ट (नीच) हुन्छन् भनि जान्नु ।

यसैगरी, भिक्षुहरू ! पाँच सद्गुणले युक्त उपासक उपासक-रत्न, उपासक-पद्म र उपासक पुण्डरीक हुन्छन् । ती कुन कुन भने ती श्रद्धावान् हुन्छन् । शीलवान् हुन्छन् । कौतूहल माङ्गलिक (शुभदि शुभ नक्षत्र हेरेर काम गर्ने) हुँदैनन् । कामको अवस्था हेरेर काम गरिहाल्ने हुन्छन् । दान मानका लागि आफ्नो पराया हेर्दैनन् । सक्दो दानमान गर्ने हुन्छन् । भिक्षुहरू ! यी पाँच सद्गुणले भरिएको उपासक उपासक-रत्न, उपासक-पद्म र उपासक-पुण्डरीक हुन्छन् । (अंगुत्तर नि.५.३.५)

पंक्तिकारको नौलो कुरा सुनेर अघि हाँसेका उपासकहरू पनि बिना प्रतिक्रिया एकटक सुन्न थाले । श्रोताहरूको जिज्ञासामा अरू जानकारी थप्दै पंक्तिकारले भन्यो- यत्तिमात्र होइन भाइ किताबमा त उपासक उपासिकाहरूको दश गुणहरूबारे पनि स्पष्ट उल्लेख गरिएको छ ।

'ती के होलान् दाइ ?' नजिकैको उपासकले जिज्ञासा थप्यो । पंक्तिकारले जिज्ञासा मेटाउने प्रयास गर्दै भन्यो- तर एउटा कुरा के भने उपासक उपासिकाका दश गुणसम्बन्धी यो चर्चा भगवान् बुद्धबाट भएको नभएर महाराज मिलिन्द र एकजना भिक्षुबीच भएको चर्चा हो । त्यसैले सम्बोधनको क्रममा भनिएको छ- "महाराज ! उपासकहरूमा यी दश गुणहरू हुन आवश्यक छन् ती के के हुन् भने १) उपासक भिक्षुहरूप्रति सहानुभूति राख्ने हुन्छन् २) धर्मलाई सर्वोपरी थान्दछन् ३) यथाशक्ति दान दिने हुन्छन् ४) धर्मको उँधोगति (पतन) भएको अवस्थामा धर्मलाई उठाउन सक्दो मद्दत गर्ने हुन्छन् ५) सत्यवादी हुन्छन् ६) कौतूहलतापूर्वक कहिल्यै अर्काको मत र फन्दामा पर्दैनन् ७) शरीर र बचनको पूरा संयम राख्ने हुन्छन् ८) शान्तिप्रिय हुन्छन् ९) एकताप्रेमी हुन्छन् १०) देखाउनाका लागि मात्र धर्मको आडम्बर गर्ने हुँदैनन् र वास्तवमै बुद्ध, धर्म, संघको शरणमा आएका हुन्छन् । (मिलिन्द प्रश्न ४,१,१)

यसरी बुद्ध शिक्षामा उपासक-उपासिकाबारे जानकारी मात्र होइन स्पष्ट निर्देश र दोष गुणहरूको चर्चा पनि गरिएको छ । तर यतातिर उपासक उपासिकाहरूले कतिसम्म ध्यान दिएका छन् वा ध्यान पुऱ्याउन आवश्यक नै सम्झेका छैनन् ती बौद्ध धर्मावलम्बी वा बौद्ध उपासक उपासिकाले नै जान्ने, मान्ने कुरा हुन् । किताबमा लेखिएको कुरो भाइको जिज्ञासामा मैले भनिदिएको कुरो मात्र हो । कसो भाइ ?

"दाइले ठीक भन्नुभयो !" युवा भाइले सहमति जनाउँदै भन्नुभयो-"आज विहार आएको कामै लागेछ । ल दाइलाई धेरै धेरै धन्यवाद !"

'जिज्ञासा राखिदिएकोमा भाइलाई पनि धन्यवाद !' कुरा टुङ्गियो ।

ध्यान भावना र परिवर्तित चित्तावस्थाहरू

आचार्यः श्रीधर राणा

आर्नोल्ड लुड्विकले व्यक्तिको परिवर्तित चित्तावस्थाहरूको बारेमा अध्ययन/अनुसन्धान पश्चात् निम्न १० (दश) कुराहरू सामान्य विशेषताको रूपमा उल्लेख गरेका छन् ।

उनका अनुसार सामान्य विशेषता भनेका यी हुन् :

१) सोचाइमा परिवर्तन
२) समयको परिवर्तित अनुभूति
३) नियन्त्रणको अभाव
४) भावनात्मक अभिव्यक्तिमा परिवर्तन हुनु
५) शरीर-आकृतिमा परिवर्तन
६) ग्रहण गराई (संज्ञा-Perception) मा परिवर्तन
७) अर्थ या तात्पर्यमा परिवर्तन
८) अकथनीयता (Ineffable) को महसुस हुनु
९) नयाँ जीवन (Rejuvenation) को अनुभव
१०) जगत्प्रति खुला हुनु ।

यदि हामीले माथिका दशवटा विशेषताहरूलाई केलायौं भने महसुस हुनेछ कि सबै प्रकारका परिवर्तित चित्तावस्थाहरूमा यी हुन्छन् तापनि तिनीहरूमा थुप्रै विविधताहरू हुन सक्छन् । जस्तै "सोचाइमा परिवर्तन हुनु" भन्नाले कस्तो खालको या शैलीको नयाँ सोचाइ आउने हो भन्ने कुरा उल्लेख गर्दैन । यसको तात्पर्य त जेलाई 'सामान्य सोचाइ' भनिएको हो त्यसमा परिवर्तन भएको भन्ने मात्र हो । परन्तु वास्तविक परिवर्तन त एक प्रकारकोबाट अर्को प्रकारकोमा धेरै अन्तर हुन्छ । अतः त्यसको तात्पर्य हुन्छ यद्यपि सबै आध्यात्मिक प्रणालीहरूले एक वा अर्को प्रकारको परिवर्तित चित्तावस्था नै उत्पाद गर्छन् र सबै परिवर्तित चित्तावस्थाहरू (त्यसैले सबै आध्यात्मिक प्रणालीहरू) ले 'सोचाइमा परिवर्तन' ल्याउँछन् तापनि साँच्चिकै कुन सोचाइमा कुन परिवर्तन आउँछ भन्ने कुरा त परम्परै पिच्छे फरक पर्दै जान्छ । चौथो बुँदा 'भावनात्मक अभिव्यक्तिमा परिवर्तन' भन्ने कुरालाई लिऊँ । सबै परिवर्तित चित्तावस्था (अतः सबै आध्यात्मिक प्रणालीहरू) ले भावनात्मक अभिव्यक्तिमा एक न एक प्रकारको परिवर्तन त ल्याउँछन् नै, तापनि महायान बुद्ध धर्ममा झैं स्वार्थबाट बोधिचित्तोत्पादसम्मका भावनात्मक अभिव्यक्तिमा हुने परिवर्तन अवश्य पनि अर्हत्हरूमा स्वार्थबाट उपेक्षासम्मका भावनात्मक परिवर्तन भिन्दै नै हुन्छन् र दुवै नै परमहंसहरूका "ब्रह्मानन्दमा डुब्नु" एवं "तटस्थ" अवस्थाहरू भन्दा बेग्लै हुन्छन् । मार्ग फरक भएमा फल समान हुँदैनन् यद्यपि तिनीहरूमा धेरै समानता किन नहोस् भन्ने कुरालाई देख्नको लागि यो एउटा धारणात्मक परिष्कृति सामाग्री हो ।

छैठौं बुँदा "ग्रहण गराइमा परिवर्तन" लाई हेरौं । यसको तात्पर्य हो आफूले वस्तुहरूलाई देख्ने, जगत्लाई देख्ने, आफ्नो जीवनलाई देख्ने तरिकामा परिवर्तन, आफूप्रति र जगत्प्रति आफू कसरी अभिमुख भइन्छ भन्ने तरिकामा परिवर्तन । जस्तै मानौं बोधिचित्तोत्पाद भावना गर्दै अरू प्राणीहरूलाई हित गर्नको लागि नै यो अभ्यास गरिरहन चाहेको हो र आफ्नो सुख या शान्तिको लागि होइन भन्ने महसुस गर्नुहुन्छ भने त्यो तपाईंको ग्रहण गराई (संज्ञा) मा परिवर्तन आएको भयो ।

जगत्लाई मिथ्या र आफ्नो साक्षीलाई मात्र वास्तविक ब्रह्म सत्य भन्ने रूपमा ग्रहण गर्नु वेदान्तको अभ्यासबाट आएको ग्रहण गराइएको (Perception) परिवर्तन हो । यो ग्रहण गराइको परिवर्तनलाई अवश्य पनि पञ्च स्कन्ध र बाहिरी जगत्लाई पनि अनित्य..... भनेर मान्न सकिँदैन । किनकि अनित्य-दुःख-अनात्माको देखाई श्रावक मार्गको अनुशरणबाट उत्पन्न भएको हो । यद्यपि दुवै विधिहरूले ग्रहण गराइमा परिवर्तन ल्याउँछन् र दुवै नै परिवर्तित चित्तावस्थाहरू हुन् तापनि तिनी भिन्दै खालका ग्रहण गराईका परिवर्तन (Perceptual Changes) हरू हुन् । आर्थर डिक्म्यानले आफ्नो किताबमा (Altered States of Consciousness) भन्छन्- "जब धेरै प्रकारका परिवर्तित चित्तावस्थाहरूलाई रहस्यात्मक, अकथनीय (Ineffability) इत्यादि सामान्य विशेषताको आधारमा अनुभूतिको" भनेर एक मुष्ट (Lump) गरिन्छ तब गल्ती र अन्योलको स्थिति आउँछ । अचिन्त्य, अनभिलाप्य, नै रुपम्य (बुद्धधर्ममा) र निर्विकल्प या अनिर्वचनीय (वेदान्त र

अन्य हिन्दु परम्परामा भन्नाले कुनै न कुनै रूपमा यसलाई नै जनाई राखेको हुन्छ ।

प्रत्येक मानवले अनुभव गर्ने चार भिन्नै प्रकारका परिवर्तित चित्तावस्थाहरू हुन्छन् । ती हुन् :

१) स्वप्नावस्था (Dream State)

२) गाढा निद्रावस्था (Deep sleep State)

३) प्रवेश तन्द्रा (hypnogogic State), अर्थात् निदाउनु अघि जागा हुनु र मुसुक्क निदाउनुको बीचको अवस्था जसलाई नेपालीमा तन्द्रा भन्न सकिन्छ ।

४) निर्गमन तन्द्र (Hypnopompic State), अर्थात् जाग्नुभन्दा अगाडि निदाइरहेको र जाग्नुको बीचको तन्द्राको अवस्था ।

यी सबै परिवर्तित चित्तावस्थाहरूमा सबै मानिस सधैं पुगि राखे पनि यहाँनेर यी चित्तावस्थाहरूको विषयमा केही वैज्ञानिक तथ्यहरूलाई प्रकाश पार्नु लाभदायक हुन सक्ला । यी अवस्थाहरूलाई धेरै दृष्टिकोणबाट अध्ययन गरिएको छ र यस सम्बन्धमा धेरै वैज्ञानिक तथ्यहरू सङ्कलन गरिएको छ । E.E.G. (Electro encephalogram) भन्ने एउटा यन्त्र हुन्छ जसले मष्तिष्कबाट निस्केका शक्ति तरङ्गहरूको अध्ययन गर्न सक्छ । यो पाइएको छ कि जागावस्था हुँदा खेरी मस्तिष्कले बेग्लै प्रकारका तरङ्गहरू उत्सर्जन गर्दो रहेछ, त्यस्तै सपना देखेको बेला, मुसुक्क निदाएको बेला आदिमा पनि बेग्लै प्रकारका तरङ्गहरू निकाल्दो रहेछ । जब हामी जागा हुन्छौं तब यसले वीटा (B-Waves) तरङ्गहरू निकाल्छ ।

जब चित्त आराम या विश्राम गरेको स्थितिमा हुँदैन तब मस्तिष्कबात वीटा तरङ्ग उत्सर्जित हुन्छ । अत्यधिक वीटा तरङ्गले मस्तिष्कलाई पनि थकाउँछ । त्यसैले जो व्यक्ति निरन्तर उत्तेजित, तनावग्रस्त भइरहने गर्छ, ऊ चाँडै बूढो देखिन्छ ।

जब हामी निदाउन थाल्छौं त्यसबेला उस्को E.E.G.मा वीटा तरङ्गको ठाउँमा अल्फा तरङ्ग (D-waves) देखा पर्छन् । जब मन आराम, हल्का र शीतल छ, शारीरिक एवं मानसिक विश्राम छ भने मस्तिष्कले अल्फा तरङ्ग निकाल्छ र बढी अल्फा तरङ्ग र कम वीटा तरङ्ग निस्किन्छन् । यसबाट मात्र पनि दुईवटा रमाइला कुराहरूको व्याख्या हुन सक्छन् ।

पहिले, एउटा ज्ञानी या उच्च तहको ध्यानी प्रायः आराम नै रहने भएकोले उसले स्वतः नै आध्यात्मिक रूपमा अल्फा तरङ्ग उत्सर्जित गरिरहेको हुनुपर्छ । यो अत्याधिक शीतल र शान्त तरङ्गले त्यहाँ भौतिकरूपमा नजिकमा हुनेहरूसँग प्रतिक्रिया गर्छ र उनीहरूमा पनि एक प्रकारको शीतलता र शान्तिको आभास दिलाउँछ ।

त्यसैले अधिकांश ध्यानी योगीहरू बढी जवान र फूर्तिला किन देखिन्छन् र लामो समयसम्म पनि अन्य ध्यान नगर्नेहरू भन्दा तन्नेरी नै देखिन्छन् भन्ने कुराको व्याख्या हुन्छ । चाहे बौद्ध होउन् चाहे अबौद्ध होउन्, सबै ध्यानीहरूको आल्फा तरङ्गको अति मात्रा उत्सर्जन गरेकै हुन्छन् ।

त्यस्तै, हामी सांसारिक, विषाद र खिन्न व्यक्तिको नजिकमा बस्दा त्यस्तै खिन्नता.....को अनुभूति हुने कारण पनि त्यही हो, किनकि उसले प्रशस्त वीटा तरङ्ग उत्सर्जन गरिरहेको हुन्छ । यसैबाट स्पष्ट हुन्छ कि समर्पित भएर अभ्यासमा लागेका व्यक्तिले व्यावहारिक रूपमा सम्भव भएसम्म अत्याधिक लौकिक व्यक्तिहरूको सङ्गतलाई त्यागी दिनु राम्रो हुन्छ । आध्यात्मिक साधकहरूकै संघ खडा गर्नुपर्छ । यो नै संघको एक महत्व हो । यसबाट यो पनि स्पष्ट हुन्छ कि ठूला सिद्ध या गुरुहरू या उच्च तहका साधकहरूले लामो समयसम्म निवास गरेको गुफा, कुटी या स्थान जस्ता कुराहरू अभ्यासको लागि धेरै नै सहयोगी (Conducive) किन हुने रहेछन् ।

पीठ, तीर्थस्थल आदिको महत्व पनि यही हो जहाँ एक दुईजना मात्र होइन सयौं जना सिद्ध एवं उच्च तहका योगीहरूले अभ्यास गरेका हुन्छन् । यसबाट यो पनि बुझ्न सकिन्छ कि नयाँ पीठ या तीर्थस्थलहरू पनि सिर्जना गर्न सकिने हुन्छ ।

अब सुताईका तहहरूको विषयलाई अघि बढाऔं । जब व्यक्ति प्रवेश तन्द्रामा घुस्छ, तब उसका वीटा तरङ्गहरू घट्छन् र आल्फा तरङ्गहरू बढ्छन् । चित्त र शरीर दुवै झन्झन् हल्का र आराम एवं खुकुलो हुन पुग्छन् । अनि हामी पहिलो तहको सुताईमा प्रवेश गर्छौं जो झन् शान्त हुन्छ, जुनबेला झन् अर्का थरी तरङ्गहरू, थीटा तरङ्गहरू (I-waves) निस्कन्छन् । होश (स्मृति-सम्प्रजन्य) युक्त भएरै रहेको बेलामा उत्सर्जन हुनसक्ने सबभन्दा उच्च तहको सम्भव तरङ्ग यही हो । त्यसबेलासम्म पनि व्यक्तिलाई सजिलै जगाउन सकिन्छ र ऊ जागेपछि पनि उसले भ्रान्ति भएको या लुट्टिएको (Groggy) अनुभव गर्दैन ।

त्यसपछि ऊ दोस्रो तहको सुताईमा प्रवेश गर्छ जो सुषुप्ति (भुसुक्क निदाउने) को शुरूआत हो याने सपना

बिनाको सुताई । मनमा भएको यो परिवर्तनलाई मस्तिष्कको बिस्तारै र शान्त एवं आराम जनाउने आल्फा तरङ्ग र थीटा तरङ्गको ठाउँमा डेल्टा तरङ्ग (d-waves) को उत्सर्जनले सङ्केत गर्दछ । त्यसपछि व्यक्तिलाई होश हुँदैन । उसलाई सजिलै जगाउन पनि सकिँदैन । जगाई सकिएपछि पनि तुरुन्तै उसको मन स्पष्ट भएर वीटा तरङ्ग निकाल्ने स्थितिमा गइहाल्दैन ।

सामान्य भाषामा भन्दाखेरी डेल्टा तरङ्ग निकाल्ने भन्नाले सुताइको दोस्रो तहमा पुगेर स्मृति सम्प्रजन्य हराउनु भन्ने बुझ्न सकिन्छ । जब डेल्टा तरङ्गहरू एक हदसम्म बढेर आउँछन् तब हामीले त्यसलाई सुताइको तेस्रो अवस्था याने गाढा निद्रा भन्छौं । अन्तमा डेल्टा तरङ्गहरू अत्यन्त उच्च अवस्थामा पुग्छन् र हामी सुताइको चौथो स्थितिमा आइपुग्छौं जसलाई 'गहिरो डेल्टा सुताई' पनि भन्न सकिन्छ । त्यहाँ कुनै होश याने स्मृति-सम्प्रजन्य हुँदैन । यो सबभन्दा गहिरो सुषुप्ति हो । तेस्रो र चौथो अवस्था ३० देखि ४० मिनेटसम्म रहन सक्छ । अनि डेल्टा तरङ्ग घट्न शुरू भइहाल्छ । अनि आफू चाँडै नै तेस्रो या दोस्रो स्थितिमा आइपुगिन्छ । अनि घट्दै प्रथम स्थितिको सुताई -जहाँ अति आरामदायक थीटा तरङ्गको बाहुल्यता रहन्छ- मा ओर्लिनुको साटो व्यक्ति स्वप्नावस्थामा प्रवेश गर्छ र हामीले भन्ने गरेका सपनाहरू देख्न थाल्छ । यहाँनेर हामी आल्फा र वीटा तरङ्गहरूको मिश्रणमा आइपुग्छौं परन्तु यहाँ अधिकांश थीटा तरङ्गहरू पनि हुन्छन् । यो अवस्था १० देखि ३० मिनेटसम्म रहन सक्छ । अनि चित्त फेरि दोस्रो, तेस्रो र चौथो अवस्थातिर पुनः झर्न थाल्छ । फेरि चौथोबाट तेस्रो हुँदै दोस्रोमा आउँछ र स्वप्नावस्थामा पस्छ । यस्तो चक्र रातभरी नै चलिरहन्छ । चौथो अवस्थामा पुग्ने र फेरि स्वप्नावस्थामा आउने पूरा चक्रको लागि सामान्यतया ९० देखि १०० मिनेटसम्म लाग्छ । ८ घण्टाको सुताईमा हामीले ६ घण्टा जति तलमाथि गर्दै एकदेखि चौथो र चौथोदेखि दोस्रोसम्म सर्ने क्रममा बिताइन्छ र १ देखि २ घण्टा जति चौथो अवस्थाको गहिरो डेल्टा सुषुप्तिको अवस्थामा बिताइन्छ । त्यसैगरी १-११/२ घण्टादेखि २ घण्टा जति स्वप्नावस्थामा बिताइन्छ । यसरी सामान्य जागावस्थाभन्दा बेग्लै हाम्रा चार थरिका परिवर्तित चित्तावस्थाहरू हुन्छन् ।

१) प्रवेश तन्द्रा, जहाँ आल्फा तरङ्ग बढी हुन्छ ।

२) पहिलो अवस्था, जहाँ थीटा तरङ्गहरू हुन्छन् र चित्तमा अझै स्मृति-सम्प्रजन्य कायमै रहन्छ ।

३) दोस्रो अवस्थादेखि चौथो अवस्था (र चौथोदेखि दोस्रो अवस्था), जहाँ डेल्टा तरङ्गहरू बढ्दै जाने या घट्दै जाने भइरहेको हुन्छ । सामान्यतया यही अवस्थालाई बेदान्तमा या सामान्य भाषामा पनि सुषुप्ति भनिन्छ ।

४) स्वप्नावस्था, सपना देखेको अवस्था ।

सुषुप्तिको अवस्थामा शरीर चलेको हुन्छ र आँखाहरू पनि यदाकदा विस्तारै चल्छन् । मांसपिण्ड (Muscle) हरूले कुनै पनि संवेदनाप्रति प्रतिक्रिया गर्न सक्छन् र यो कुरालाई इ.एम.जी. (Electro-Musculograph) द्वारा मापन गर्न सकिन्छ ।

वेदान्तका अनुसार सुषुप्ति भनेको त्यो अवस्था हो जहाँ आत्मा मात्र कुनै आलम्बन बिना रहेको हुन्छ । त्यसको अर्थ हो त्यहाँ ज्ञाता (Knower) ले जान्ने या समात्ने कुनै आलम्बन या ज्ञेय (विचार या आकृतिहरू) छैनन् । वेदान्तको सिद्धान्तमा यो कुरा धेरै निर्णायक कुराहो किनकी यही सिद्धान्तलाई नै प्रमाण बनाएर वेदान्तले आत्मा स्वतन्त्र छ र कुनै कुरामा पनि भर पर्दैन भन्ने कुरालाई प्रमाणित गर्न प्रयास गर्छ । सुषुप्तिमा साक्षी एक्लै रहन्छ र कुनै आलम्बन या ज्ञेय बिना नै त्यही मात्रै त्यहाँ हुने भएकोले वेदान्तका अनुसार, त्यही नै साक्षी या आत्मा कुनै कुरामा पनि निर्भर नरहने कुराको प्रमाण हो । बुद्ध धर्मका अनुसार सुषुप्ति अवस्था भनेको एक प्रकारे भवाङ्गकै अवस्था हो या त्यहाँ आलय विज्ञान रहेकै हुन्छ र आलय विज्ञान या भवाङ्ग दुवैका नै आलम्बनहरू हुन्छन् र स्वतन्त्र छैनन् ।

विज्ञानको शोध (Research) बाट निःशर्क (Without Doubt) भएर प्रमाणित गरिसकिएको छ कि दोस्रोदेखि चौथो अवस्थासम्मको गहिरो सुताइमा पनि (सुषुप्ति) विकल्पहरूको प्रक्रिया (Thought Process) र आकृति (Image) चलिरहेकै हुन्छन् । आचार्य असंगले त्रिंशिकामा आलयविज्ञानको बारेमा भन्नुभएको छ,

"यथा आलयविज्ञानमेकान्तेन विपाको ऽपरिच्छिन्नालम्बनाकारं"

अर्थात् आलयविज्ञान पूरै विपाकचित्त हो र आलम्बन कति खेरै पनि विच्छिन्न नभएको आकारमा हुन्छ । अतः सुषुप्ति-आलयविज्ञान पनि आलम्बनबाट रहित हुँदैन । चोइ्खापाले 'आलयविज्ञान क्लिष्ट मनोविज्ञानकारिका' मा भन्नुभएको छ कि आलयविज्ञानका आलम्बनहरू तीन प्रकारका हुन्छन् :

१) भाजन-अर्थात् रूप, शब्द, गन्ध, रस, स्प्रष्टृष्य अर्थात् बाहिरी जगत्को आलम्वन । यो आलम्वन जागेको र सपनादेखिको अवस्थामा आलयविज्ञानमा भइरहेको हुन्छ ।

२) सत्व- चक्षुरिन्द्रिय आदि पाँच इन्द्रियले युक्त सत्व स्वयं नै एक आलम्बन हुन सक्छ र यो पनि जगत् र स्वप्नावस्थाकै आलम्बन हो ।

३) वासना- यो चाहिँ सुषुप्तिको वेलामा हुने आलम्बन हो ।

थेरवादी अभिधम्मत्थ संगाहोले भन्छ कि भवाङ्गको (र त्यसैले सुषुप्तिको पनि) आलम्बन कर्म, गति र गतिनिमित्त हुन्छ । आखिर यी पनि वासनाकै प्रकार मात्र हुन् । विज्ञानले पनि भन्छ कि दोस्रोदेखि चौथो अवस्थासम्मको (सुषुप्ति) सुताईमा पनि विचार, कल्पना आदिको रूपमा दिन भरिका कुराहरूको छाप (Impressions) कायमै हुन्छन् । छाप भन्नु र वासना भन्नु उही कुरा हो । विज्ञान र दुई बौद्ध परम्पराहरूको भनाईमा एक मात्र भिन्नता के पाइन्छ भने बौद्ध सन्दर्भमा 'वासना' भन्नाले पूर्व जन्महरूका वासनाहरू समेत त्यसमा समेटिन्छन् भने विज्ञानमा 'वासना' (Impressions) भन्नाले केवल यही जन्ममा भएको कुराको छाप मात्र बुझिन्छ । विज्ञानले पूर्व जन्मलाई स्वीकार गर्दैन र इन्कार पनि गर्दैन । यसले अहिलेसम्म पूर्व जन्महरूको अध्ययन गरेका छैन, त्यति मात्र हो ।

विज्ञानको दर्शन (Philosophy of Science) भौतिकवादी भएकोले अधिकांश वैज्ञानिकहरूले पूर्वजन्म आदि कुरालाई नकार्न खोज्छन् तापनि पूर्वजन्महरू हुँदैनन् भन्नलाई अहिलेसम्म कुनै पनि वास्तविक वैज्ञानिक प्रमाण छैन । केही वैज्ञानिकहरू जसले केही सोध गरेका छन्- जस्तै डा.ड्यान् स्टेभेन्स (भर्जिनिया विश्वविद्यालय) र अग्रणी मनोचिकित्सक डा. हेलेन वेम्य्याक्ले भन्छन् कि पूर्नजन्मलाई नकार्न कुनै पनि वैज्ञानिक आधार छैन । अतः अहिलेसम्म के देखिन्छ भने, सुषुप्तिसम्वन्धी बौद्ध धारणाहरू नै वेदान्ती धारणाभन्दा वैज्ञानिक उपलब्धिहरूसँग बढी नजिक छन् ।

सन् १९७० ताका गरिएको अर्को शोध अनुसार थाहा पाइएको रमाइलो उपलब्धि पनि छ, जसले वौद्ध भावना पद्धति र हिन्दु भावना पद्धतिको फलमा भिन्नता छ भन्ने तथ्यलाई औल्याए जस्तो देखिन्छ । दुईजना जापानी वैज्ञानिकहरू बी.के.आनन्द, जी.एम.छिना र वलदेव सिंहले केही भारतीय कुण्डलिनी योगीहरूको र जेन गुरुहरूको E.E.G. मा अध्ययन गरे । अपेक्षा गरेजस्तै दुवै खाले भावनाहरूले आल्फा तरङ्ग उत्पन्न गरे र बढाउँदै लगे । उच्च तहका जेन गुरुहरूको भने थीटा तरङ्गसम्म उत्पन्न भएको देखियो परन्तु योगीहरूमा भने कुनैको पनि थीटा तरङ्ग उत्पन्न भएको पाइएन ।

सुतेको अवस्थाको अध्ययनमा हामीले थाहा पाएका छौं कि थीटा तरङ्गले परिवर्तित चित्तावस्थाको झन् गहिरो तहलाई प्रतिनिधित्व गर्छ । केही प्रयोगमा उच्च तहका केही राजयोगीहरूले डेल्टा तरङ्गहरू उत्सर्जन गरेको पनि पाइएको छ जसले वेहोश सुषुप्तिको अवस्थालाई जनाउँछ । यहाँसम्म दुवै खालका ध्यान विधिहरू झण्डै उस्तै नै देखिन्छन् किनकि दुवैले नै आल्फा तरङ्गहरू उत्पाद गर्दछन् । परन्तु मनमा बाहिरी प्रभावहरूको (समुत्तेजना) असरको (External Stimuli) कुनै अभिलेख भयो कि हेर्नेको लागि प्रयोगहरू गर्दाखेरी परिणाम बिल्कुल उल्टो पाइयो ।

ती परिणामहरूको कुरा गर्नुभन्दा अगाडि हामीले एउटा कुरा बुझिराख्नु पर्छ जुन एकदमै सामान्य कुरा हो र त्यसलाई 'बानी पार्नु' (Habituate) भनिन्छ । 'बानी पार्नु' को अर्थ बानी या आदत हुनु भन्ने हो तै पनि यहाँ त्यसको नितान्त प्राविधिक रूपमा प्रयोग गरिएको छ ।

एक आपसमा गफगाफ गरिरहेको वेला कसैले जेनेरेटर चलायो भने त्यो तत्कालै अभिलेख (Record) हुन्छ र त्यो तथ्य कसरी थाहा हुन्छ भने तपाईं त्यो जेनरेटरको आवाजप्रति सचेत याने होशले युक्त वन्नुहुन्छ । तै पनि यदि त्यो जेनरेटरलाई चालू नै राखि छोड्ने हो भने एकछिन पछि तपाईंले त्यो जेनरेटरको आवाजलाई सुन्नसमेत छोड्नुहुन्छ अर्थात् जेनरेटरको हल्ला मनमा अभिलेख (Record) हुन छोड्छ । अर्को शब्दमा तपाईंले त्यो जेनरेटरको आवाजप्रति 'बानी' पारिसक्नुभयो ।

E.E.G. ले तपाईको मन-मस्तिष्कमा उक्त आवाज अभिलेख भयो कि भएन भन्ने कुरालाई समात्न सक्छ । यो घटनाबाट थाहा हुन्छ कि हाम्रो मन-मस्तिष्क खुला भइरहँदैन र आफ्ना रुची र संस्कारहरूका आधारमा छान्ने (Filter) गर्ने काम गर्छ । यो अभिसंस्कृत (Conditioned) चित्त हो तै पनि यो सवभन्दा सामान्य अवस्थाको चित्त हो ।

जब त्यही परीक्षण बौद्ध जेन गुरुहरूमा गरियो, तब पत्ता लाग्यो कि यदि सानो 'क्लिक्-क्लिक्' आवाज (कुनै समुत्तेजनाहरू (Stimuli) उत्पन्न गरियो भने पनि त्यो आवाज उनीहरूको चित्तमा अभिलेख हुँदोरहेछ । यो कसरी जानियो भने ध्यानका आल्फा तरङ्गहरू एक/दुई सेकेण्डको

लागि भए पनि रोकिएका हुन्थे र मात्र चित्त प्रवाहमा आउँथ्यो । यसको मतलब हो त्यो 'क्लिक्-क्लिक्' आवाज अभिलेख भयो । परन्तु राजयोगीहरूको परीक्षणमा त्यस्तो आवाज या अन्य समुत्तेजनाहरू कुनै पनि बिल्कुलै अभिलेख भएनन् ।

अतः जेन ध्यानीहरू बाह्य संवेदनाहरूप्रति पनि पूरै सचेत थिए र उच्च तहको आल्फा तरङ्ग एवं थीटा तरङ्ग समेतले युक्त थिए भने राजयोगीहरू आल्फा तरङ्ग (परन्तु थीटा तरङ्ग होइन) ले त युक्त थिए परन्तु बाह्य संवेदनाहरू प्रति बेहोशै थिए । रमाइलो त के छ भने जति पटकसम्म त्यो 'क्लिक-क्लिक' आवाजलाई दोहोऱ्याए पनि जेन गुरुहरूको मनले त्यो अभिलेख गरेको गऱ्यै हुन्थ्यो । त्यसको तात्पर्य हो जेन गुरुहरूका चित्त कहिले पनि 'बानी पर्ने' भएन । अर्थात् सामान्य चित्तभन्दा यो कम अभिसंस्कृत रहेछ किनकि सामान्य चित्त त 'बानी पर्ने' हुन्छ । राजयोगीहरूमा त 'ढ्वाङ्ग ढ्वाङ्ग' (Banging) गरे पनि अभिलेख भएन । जेन ध्यानी र तीर्थिक योगीहरू दुवैको नै ध्यान नगरेको अवस्थामा पनि आल्फा तरङ्ग उत्सर्जन अन्य सामान्य व्यक्तिको भन्दा धेरै नै बढी थियो ।

अतः राजयोगी खाले ध्यान र जेन जस्ता स्मृति-सम्प्रजन्य खाले ध्यानहरूका बीचमा भिन्नताहरू देखिन्छन् । त्यसैले ती दुई खाले ध्यानावस्थाहरू भिन्नै खालका परिवर्तित चित्तावस्थाहरू हुन् भन्ने कुरातर्फ सङ्केत गर्दछ यद्यपि ती दुवैलाई ध्यानमग्न चित्तस्थिति भनेर बताइएको हुन्छ ।

तर पनि सबै प्रकारका ध्यानावस्थाहरूमा साझा हुने अवश्य पनि धेरै कुराहरू हुन्छन् । यसले नै धेरै मानिसहरूलाई झुक्याएर अन्योलमा पार्छ र सबै खाले ध्यानहरू वास्तवमा उही हुन् भनी विश्वास गर्ने र अतिसरलीकरण गर्ने (Over simplifying) बनाउँछन् । वास्तवमा E.E.G. मा आधारित वैज्ञानिक शोध अध्ययनबाट समेत सबै ध्यानहरू वास्तवमा उही होइन रहेछन् भन्ने देखिन्छ ।

त्रिरत्न शरणम्

अनुवाद : नारायणप्रसाद रिजाल

संकलन : विजय सर्ग:

व्यथित मुटु

-श्रावणेर उत्तम वर्मा

रोएको मनमा हाँसो नखोज,
हाँसिदिउँला चाहन्छौं भने तिमी एकपल ।
दुखेको यो व्यथित मुटुभित्र,
नखोज केही हृदयरञ्जित तत्त्व ।

विश्वासका रगतहरू काला भएछन्,
रातो रगत बग्दो हाँस्ने आज व्यथित भएछन् ।
रुनुको औचित्य नै के ? परिवेश नै बढेको बेला
प्रेम, स्पन्दन के ? जब मुटु नै व्यथित भएको बेला

अनुरागको गीत गाए नि हुन्न ऊ अनुरागी,
सम्झाउ तिमी स्वयम् तर ऊ हुन्न पुनः अघिसरी ।
मनै सुक्यो अब झर्दैन उसमा केही
झर्यो पात, झर्यो ऋतु लहर व्यथित सँगै ।

मुटुको व्यथा शायद चर्को होला त्यसरी,
अतः रोयो त्यो आफ्नै मुटु बेसरी समाइ
कामना मुटुका ओइलिए सब शरद् लहरसँगै
नरोउ भन्छु तर ऊ रून्छ बेदना लहरसँगै ।

विश्वास भर्न खोज्छु उसका व्यथित मुटुमा,
तर स्वयं इर्कांछ ऊ आज किन किन ?
मान्दैन मन उसतिर नजर चुम्न आज प्रत्यक्ष,
बिचरा ! भन्दै म पनि रोएँ व्यथित मुटुसँगै ।

विद्वान लेखक महोदयहरूले आफ्ना पठनीय, खोजमूलक रचना उपलब्ध गराई आनन्दभूमि बौद्ध मासिकलाई सहयोग गर्नुहोस् –

पोष्ट बक्स : ३००७,
आनन्दकुटी विहार, स्वयम्भू
फोन : ४२७१४२०, फ्याक्स : ४२२८०९७
ई-मेल : anandkuti@mail.com

Merit

Gautam Jyapu
Veluvanaram, Thecho

Merit refers profit, benefit, advantage. It shows plus points of other to one's mind. Buddhism concerns merit as noble knowledge, virtue, creation, education of something or somebody entertained either by character or by action . Here merit tends to noble virtues performed for welfare and benevolence not only of human kind but also for entire creatures; it is not only for certain ethnic group. No one is in this world who dislikes merit. However, grasping merit it is neither easy nor in control of common people.

In general we people bear merit as well as demerit like two parts of coin. Buddhism teaches to follow only merit abandoning evility as the king swan drinks only milk from the mixed water leaving water. It sermons *Sila* (rule), *Samadhi* (Meditation) and *Pragya* (enlightenment) which never encourages the follower to accept demerit; evility rather always guides to perform nobility without diverting mind in nonsense.

Merit raises feeling over others' virtues; it summons courage to achieve it. For it, man uses to act and behave, with apt, deserve noble performance one accomplishes mission. To fulfill the ultimate motto of life, one should and must cultivate virtues. It can be possible only resembling and performing merits of *Tathagata, Dhamma* and *Sangha*. It guides all to merry with merit. Because we know-sheep enjoy with sheep; goat with goat or knowledge depends on the companionship. So in *Mangala Sutta*, Tathagata says, "Build up companionship with scholars, seniors virtuous noble ones; if not same level and it not so be alone; never make fellow to lower meritless fools."

The ideal aspect of Buddhism evokes to enrich one with merit. Hence, Buddhist tradition of praising or worshiping merit like *Buddha Puja, Stupa, Chaitya* etc. have been running since ancient time. It is seen that Buddha has allowed to construct the *stupas* ongraving the relics of Tathagata's great pupils: *Sariputta* and *Mahamogallayana* at the junctions. Buddha supports to erect the *Chaityas, Stupas*, of four great persons: *Buddha, Pratyaka Buddha, Arhantas and Chacravati Maharaja* (Great emperor). Tathagata praises it because. It enables people to grasp positive feelings and wish to gain. Hence, merit enhances people to develop and generate the concept for being meritful. Therefore, the real purpose that people use to bow someone or something must be and or is reminding and honoring the merit that consists with. Buddhists know how to worship *Buddha, Dhamma and Sangha* so that do *Buddha Puja, Chaitya Puja, Gura Puja* etc. recounting merits. People should workshop elders, parents, masters, well-wishers, helpers, highlighting their merits such as Triple Gem rather than praising self or physique. Its great evidence. Is the Sri-lankan monks. They did defiance, and indifference to kowtow before the image of Buddha. Later they worshipped only after the engravement of holy relic of Tathagata. If effaces the outlook as Buddha sharply criticizes and defames the physique though Tathagata bears 32 physical merits (32 *Lakshayanas*) No doubt, it apparently evokes merit to see, not by physique but by inner virtues, i.e. merits. It only can esteem nobility. However Buddha's image is the only image flourished, constructed and worshipped highly in the world. But it always resembles the virtues of Tathagata which sprouts hobility with in human kind to be like Tathagata. Yes, it is presenting, constructing before visible and peaceful place for homage. The tradition of homage has been running since ancient time. So people, celebrate Martyr's Day, *Buddha Purnima*, Democracy Day etc. to homage the merits that the historical persons, martyrs, loyals, patriots have accompanished. Expressing condolence or sincere sympathy is also for homage of the demised ones. If they'd not done any vir-

tuous merits; of course, they would not be remembered. It highly generates the will power to have such merits. One who wish to grasp merit has to perform nobilitythat will end anger and enimity.

Therefore, concerning merits boost to grow peace and prosperity. Merit, so, causes happiness and it let everybody enjoy life with benevolence and compassion; selfless support and faith raise towards the merciful ones. *Rahul* serves his mother *Yasodhara Devi* in sickness, *Sariputta* serves own infant mom by guiding to the pure path, Tathagata makes *Suddodana* fall in *Maggaphala*, i.e. fruitful way to *Nibbana*, Tathagata allows mother *Prajapati Gautami* to be a nun ultimately, *Sariputta* always uses to bow his first teacher of *Buddha Dharma-Assaji* looking towards his master's dwelling arama with great regard etc. are mere few out of innumerable examples.

The tralition of gratitude cares not the age; it cares knowledge and merit. King *Suddodana* and *Prajapati Gautami* bow *Gautama Buddha* seeing venerable's merits even Tathagata is son in relation. Nuns and monks are respected examining their virtues, merit not concerning their balding head, robe, and physique. Thus reward, respect etc. focuse homage in the concerning field. Alike respect is paid to anybody highlighting their merit.

Nevertheless, people often ignore the merits of helpers, well-wishers, supporters, parents; and start defaming and defacing them which cause critics own defaults. In spite of merit, criticizing severely only seeing faults-why not even tiny task never summons peace and welfare the envity and enimity over somebody's merit cause such complaints, blames. None is left accused even Buddha. So-called *Pandits, Sadhus* conspire Tathagata to depopular through the lady that she has a baby of Buddha growing in her womb. The Buddha who has ceased entire faults, empire with spledid luxury and who has cultivated *Paramitass* (great, so hard practices, exercises to achieve the supreme knowledge)- doesn't show anger to her rather laughs at her folly. The blame is cleared as the lady's belting cloth unties, defastens. A doll falls donn out of her stomach as she is pretending to be pregnant. By the way Tathagata, the ideal to the world, advocates to face demerit with firm mind not with war but with compassion and *metta* counting mere merit. Even poison (venom) is applicable to make medicine. It's impossible, inevitable to get merit which leads to noble deeds unless and until one leaves defame and deface other. Otherwise in the world there'd not be peace. How much accusation grows, violence booms today's violating world, because of domination and discrimination, Realising this matter it is urgent to unite, negotiate, talk, cluster banishing, enimity between and among parties, countries, famities and persons. Accenting such matters, in ancient time, farsighted granary of mercy. Tathagata has pioneered the medium way. It neither blames nor flatters; it just goes on the ascend of noble life conducting merit, virtues. Hence, Buddha Sermons:

Merit is to workshop
Homage is to pay
Demerit to throw
Metta to donate
Noble deed to grow
And
Meditate to reach at the *Nibbana* state.

Sadhu Sadhu Sadhu

यस आनन्दभूमि बौद्ध मासिकका पाठकहरूले यस मासिकबारे तथा विभिन्न समसामयिक विषयमा आफ्नो प्रतिक्रिया पठाउनु होस् । पाठक प्रतिक्रिया स्तम्भमा क्रमशः प्रकाशित गर्दै लाने छौं ।

आनन्दकुटी विहार गुथि
आनन्दकुटी विहार, स्वयम्भू
पोष्ट बक्स : ३००७,
फोन : ४२७१४२०, फ्याक्स : ४२२८०९७
ई-मेल : anandkuti@mail.com

बौद्ध गतिविधि—

बुद्धपूजा र धर्मदेशना

काठमाडौं । प्रत्येक पूर्णिमाको दिन आनन्दकुटी विहार, स्वयम्भूमा गरिने बुद्धपूजा र धर्मदेशनाको कार्यक्रम अनला पूर्णिमाको दिन सम्पन्न भयो । अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु कुमारकाश्यप महास्थविरबाट बुद्धपूजा संचालन र शील प्रदान गर्नुभएको थियो । उक्त कार्यक्रममा भिक्षु धर्ममूर्तिबाट धर्मदेशना गर्नु भएको थियो । उक्त दिन उपस्थित समस्त भिक्षु, अनागारिका गुरुमांहरू र उपासक-उपासिकाहरूलाई जलपान र भोजन प्रदान गरियो । उक्त जलपान, भोजन आनन्दकुटी विहारमा आउनुहुने विभिन्न उपासक-उपासिकाहरूबाट चन्दा संकलनबाट सम्पन्न भएको थियो ।

रक्तदान कार्यक्रम सम्पन्न

विराटनगर । आषाढपूर्णिमाको उपलक्ष्यमा युवा बौद्ध संघको आयोजनामा यस वर्ष १० सौं रक्तदान कार्यक्रम सम्पन्न भयो । त्रिरत्न वन्दना, शीलप्रार्थना र बुद्ध भजन गरेर आरम्भ भएको उक्त कार्यक्रमका प्रमुख अतिथि विराट बौद्ध संघका अध्यक्ष मोहन ताम्रकारले कार्यक्रममाथि प्रकाश पार्नुकासाथै रक्तदाताहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । स्थानीय हिमालय रोडमा संचालन भएको उक्त कार्यक्रमको प्रमुख प्रायोजक मोरंग धातु व्यवसायी संघ र अन्य सहयोगीहरू मोहनराज नेपाली, नेमकृष्ण ताम्राकार, मायादेवी ताम्राकार, सुभद्रा ताम्राकार, राजुकृष्ण ताम्राकार र उपासिका संघ विराटनगर रहनु भएको थियो । सुजन प्रधानले संचालन गर्नुभएको उक्त कार्यक्रममा २४ जनाले रक्तदान गर्नु भएको थियो ।

धर्मचक्र प्रवर्तन दिवस मनाइयो

मध्यपुर थिमि, भक्तपुर । नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः, नगदेशको संयुक्त आयोजनामा धर्मचक्र प्रवर्तन दिवस भव्यरूपले मनाइयो । भिक्षु वरसम्बोधिबाट बुद्धपूजा संचालन, शील प्रदान गर्नुकासाथै आषाढपूर्णिमा बारे चर्चा गर्नुभएको थियो । कार्यक्रमको दोश्रो चरणको उद्घाटन प्रमुख अतिथि डा. सानुभाइ डंगोलले गर्नुभएको थियो । धर्मचक्र प्रवर्तनबारे बोल्नु हुँदै पञ्चस्कन्धरूपी दुःख अर्थात् नाम र रूपको कारणबाट दुःखको अविर्भाव हुने भन्नु भयो । नगदेश बौद्ध समूहका अध्यक्ष न्हुक्षेकुमार सिंकेमनको सभापतित्वमा संचालित उक्त कार्यक्रममा कोषाध्यक्ष रामभक्त हाँयजुले धन्यवादज्ञापन गर्नु भएको थियो । समूहका सचिव कृष्णकुमार प्रजापतिले आषाढपूर्णिमाको महत्वबारे प्रकाश पार्नुभएको थियो । सोहि दिन दिउँसो भगवान बुद्धको मूर्तिलाई खटमा राखेर नगरपरिक्रमा गराइएको थियो । उक्त कार्यक्रममा विभिन्न सांस्कृतिक बाजागाजा, ज्ञानमाला भजन, उपासक-उपासिकाहरू समावेश हुनु भएको थियो ।

विविध कार्यक्रमका साथ अभिनन्दन सम्पन्न

काठमाडौं । नेपालको थेरवादी बुद्धशासनको इतिहासमा बुद्धधर्म प्रचार-प्रसार, उत्थान तथा संरक्षण कार्यमा अविस्मरणीय योगदान पुऱ्याउनु भएका श्रद्धेय संघनायक भिक्षु सुबोधानन्द महास्थविर, भिक्षु अश्वघोष महास्थविर, भिक्षु कुमारकाश्यप महास्थविरको सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दै गणमहाविहारको आयोजनामा साप्ताहिक विविध पुण्यकार्य र अभिनन्दन समारोह गरियो । रक्तदान, आँखादान, राजतीर्थका वृद्धहरूलाई सम्मान, परोपकार अनाथालयका बालकहरूलाई सम्मान, भिक्षाटन इत्यादि कार्यक्रम सप्ताहव्यापी भएको थियो । कार्यक्रमको समापनका दिन अखिल भिक्षु महासंघका उपाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरको सभापतित्वमा र काठमाडौं महानगरपालिकाका पूर्व मेयर केशव स्थापितको प्रमुख आतिथ्यमा संचालन भएको अभिनन्दन कार्यक्रममा सम्मानित तीनै जना महास्थविरहरूलाई भिक्षु ज्ञानपूर्णिक महास्थविरले अभिनन्दनपत्र प्रदान गर्नुभएको थियो । सो अवसरमा कार्यक्रमका संयोजक भिक्षु सोभित लगायत ई. अमृतमान, भिक्षु अश्वघोष, रमना श्रेष्ठले सम्मानित भन्तेहरूबाट नेपालको बुद्ध शासनलाई गर्नु भएको योगदानबारे आ-आफ्नो विचार प्रकट गर्नु भएको थियो । सोहि दिन सम्मानित भिक्षुहरूबाट श्रामणेर तालिम केन्द्र 'धर्मातन' र सामाजिक र परोपकार कार्यस्थल 'धर्मविजय पदनम'को संयुक्त रूपमा समुद्घाटन गर्नु भयो । त्यस्तै भिक्षु अश्वघोष र भिक्षु कुमारकाश्यपले आँखादान र रक्तदान गर्नुहुने महानुभावहरूलाई प्रशंसापत्र प्रदान गर्नु भयो । भिक्षाटनबाट संकलन भएको रकम सम्मानित हुनु भएका महास्थविरहरूको स्वास्थ्योपचारको लागि प्रदान गरिएको थियो ।

धर्मचक्र प्रवर्तन दिवस मनाइयो

काठमाडौं । भोजपुर टक्सार बौद्ध शाक्य समाजले आफ्नो वार्षिक कार्यक्रम मनाउने क्रममा धर्मचक्र प्रवर्तन दिवस मनाइयो । बिहान ज्ञानमाला भजन, मौलिक परम्परानुसार दाफा भजन र बुद्धपूजा एवं परित्राण पाठ

गरिएको थियो । समाजका सदस्य कृष्णमान शाक्य, हिरालाल शाक्यले आषाढपूर्णिमा र धर्मचक्र प्रवर्तन दिवसको विशेष महत्वबारे प्रकाश पार्नुभएको थियो । त्यस्तै अर्का सदस्य चन्द्रज्योति शाक्यले पञ्चसंयोगको दिन बारे मन्तव्य प्रकट गर्नु भयो । समाजका उपाध्यक्ष मिम शाक्यले धन्यवाद प्रकट गर्दै बुद्ध शिक्षा अनुरुप व्यवहारिक जीवन व्यतित गर्न आव्हान गर्नु भयो । समाजका सह-सचिव प्रदीप शाक्यद्वारा संचालित उक्त कार्यक्रममा उपस्थित सबैलाई जलपान र क्षीरभोजनको व्यवस्था गरिएको थियो ।

विदेशी विद्वानको सम्मान गरियो ।

ललितपुर । यशोधर महाविहार असहाय सेवा समिति, बुबहालले जर्मनी बुद्धधर्मका विद्वान प्रो. डा. अलेक्जेन्डर भोन रोस्प्याटलाई एक समारोहका बीच हालै सम्मान गरियो । उक्त समितिले ज्येष्ठ नागरिक, एस.एल.सी., कोविद, त्रियान शिक्षामा उत्तीर्ण विद्यार्थीहरू, सांस्कृतिक सम्पदा तथा बौद्ध विद्वानहरूलाई सम्मान गर्ने कार्यक्रमअन्तर्गत यस वर्ष आफ्नो ११औं वार्षिकोत्सवमा प्रो. डा. रोस्प्याटलाई उहाँले गर्नुभएको बुद्धधर्मको अध्ययन र अनुसन्धानलाई कदर गर्दै उक्त कार्यक्रम आयोजना गरिएको थियो । उक्त समारोहमा प्रमुख अतिथि डा. त्रिरत्न मानन्धर, भिक्षु ज्ञानपूर्णिक महास्थविरले उहाँको अनुसन्धानबारे बोल्नुभएको थियो । त्यस्तै संरक्षक मदनबहादुर वज्राचार्य र सभापति ठाकुरमान शाक्यले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो ।

बुद्धपूजा र धर्मदेशना

ललितपुर । ललितपुर पाटनको दरबार क्षेत्रमा अवस्थित विश्व मैत्री विहारमा बुद्धपूजा र धर्मदेशना कार्यक्रम सम्पन्न भयो । बुद्धपूजा र पंचशील पश्चात् आरम्भ भएको बौद्ध सभामा अनगारिका अनुपमा गुरुमांले धर्मदेशना गर्दै मनुष्यलोक पुण्य गर्ने थलो भएकोले काय, वाक्, चित्त शुद्ध पारेर परोपकार गर्नु नै धर्म हो भन्नु भयो । त्यस्तै अर्का वक्ता दिलशोभा शाक्यले राग, द्वेष, मोहको भावना उत्पन्न हुने बेलामा सजग भएर त्यसलाई सच्याउने शक्ति अभिवृद्धि गर्नको लागि ध्यानको अभ्यास गर्नु आवश्यक रहेको कुरा बताउनु भयो । मोहन महर्जनले स्वागत तथा प्रेमबहादुर वज्राचार्यले धन्यवादज्ञापन गर्नुभएको उक्त कार्यक्रममा हेरामाया महर्जनले जलपानको व्यवस्था गर्नु भएको थियो ।

औषधिहरू प्रदान

पाल्पा । ज्ञानमाला संघ, आनन्द विहार, तानसेनले लुम्बिनीस्थित इन्टरनेशनल बुद्धिष्ट सेन्टरलाई रु. १०,०००।- बराबरको औषधिहरू निःशुल्क प्रदान गरिएको छ । लुम्बिनीमा इन्टरनेशनल बुद्धिष्ट सेन्टरबाट संचालित निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि सहयोग पुऱ्याउने एवं दुइ संस्थाबीच सुसम्बन्ध स्थापना गर्ने उद्देश्यकासाथ उक्त औषधि सहयोग उपलब्ध गराएको कुरा संघका अध्यक्ष सर्जुलाल वज्राचार्यले बताउनु भएको छ ।

निःशुल्क औषधि प्रदान

पाल्पा । श्री ५ महाराजाधिराज ज्ञानेन्द्रवीरविक्रम शाहदेव सरकारको ५८ औं शुभ-जन्मोत्सवको उपलक्ष्यमा ज्ञानमाला संघ, आनन्द विहार, तानसेनबाट दर्लमडाँडा उप स्वास्थ्य चौकीलाई निःशुल्क औषधि प्रदान गरिएको छ । संघका अध्यक्ष सर्जुलाल वज्राचार्यको सभापतित्वमा संचालन भएको उक्त कार्यक्रममा प्रमुख अतिथिको रूपमा पत्रकार महासंघका सचिव भगवान भण्डारी रहनु भएको थियो । प्रमुख अतिथिबाट उक्त औषधि उप स्वास्थ्या चौकीका प्रमुख रेश्मीराज न्यौपानेलाई हस्तान्तरण गर्नु भयो । कार्यक्रममा उपस्वास्थ्या चौकीका प्रमुख र संघका सह सचिव रत्नमान वज्राचार्यले आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो भने कार्यक्रम कार्यकारिणी सदस्य गम्भीरमान शाक्यले संचालन गर्नु भएको थियो ।

अभिनन्दन तथा दुर्लभ प्रव्रज्या समारोह सम्पन्न

मध्यपुर थिमि, भक्तपुर । नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः नगदेशको संयुक्त आयोजनामा नगदेश लगायतका कुलपुत्रहरूलाई श्रद्धेय अग्ग महा सद्धम्म जोतिक धज द्वय भिक्षु अश्वघोष महास्थविर र भिक्षु कुमारकाश्यप महास्थविरबाट दुर्लभ प्रव्रज्या कार्यक्रम सम्पन्न भयो । समारोहको आरम्भमा भिक्षु अश्वघोषबाट पञ्चशील प्रदान गर्नुका साथै श्रद्धेय भिक्षु द्वयबाट केशकप्पन गरि ११ जना कुलपुत्रहरूलाई प्रव्रजित गराउनु भयो । प्रमुख अतिथिको आसनबाट भिक्षु अश्वघोषले ऐतिहासिक महान सम्राट अशोकको जीवनीबारे धर्मोपदेश गर्नु भयो र अर्का प्रमुख अतिथि त्रिपिटकाचार्य भिक्षु कुमारकाश्यपले दुर्लभ प्रव्रजित जीवनको उपादेयतावारे धर्मोपदेश गर्नु भएको थियो । त्यस्तै प्रमुख अतिथि द्वय भिक्षुले प्रव्रजित जीवनयापन गर्नु भएको ६० वर्ष पूर्ण भएको र ७७ वर्षमा पदार्पण गर्नु भएको अवसरमा उहाँहरूको आयु आरोग्य र सुस्वास्थ्यको कामना गर्दै उहाँहरूको गुणानुस्मरण र योगदानको कदर गरी समूहका अध्यक्ष न्हुक्षेकुमार सिकेमनले अभिनन्दनपत्र प्रदान गर्नु भयो र कोषाध्यक्ष रामभक्त हाँयजुले पवित्र चीवर दान गर्नु भयो । समूहका सचिव कृष्णकुमार प्रजापतिले

स्वागत भाषण गर्नु भएको उक्त कार्यक्रम अध्यक्ष सिकेमनको सभापतित्वमा संचालन भएको थियो ।

गृहस्थ चिबहाःपुजा न्हयात

यें । नेपाल राष्ट्रिय ज्ञानमाला समितिया ग्वसालय् लय् छक्वः शनिवाः पतिकं जुइगु गृहस्थ चिबहाःपुजा नारायणचौर नंसाःया साहु बसन्तबहादुर शाक्यया छ्वँय् पलिस्था यानातःगु चिबहाःलय् पुजा यानाः न्ह्याकुगु दु । समितिया नायः शान्तरत्न शाक्यया नायःसुइ न्ह्याःगु उगु ज्याभ्वलय् ज्ञानमाला प्रशिक्षर्थी संघं ज्ञानमाला भजन न्ह्यब्वःगु खः । उगु ज्याभ्वलय् समितिया धम्मानुशासक भिक्षु अश्वघोष महास्थविरजुं ज्ञानमाला भजन सफू दुनेया भजनमुना छपलाः नांगु ज्ञानमाला भजन सफूया उलेज्या याना बिज्यात । अथेहे प्रा. सुवर्ण शाक्यजुं चिबहाःपुजाया उद्देश्य कना बिज्यात व चिबहाःया हामा बसन्तबहादुर शाक्यजुं गृहस्थ चिबहाःपुजां थः लय्ताःगु खँ कंसें समितियात ग्वहालि कथं भिद्दः दां लःल्हाना बिज्यागु खः ।

बुद्धपूजा र धर्मदेशना

काठमाडौं । ज्येष्ठपूर्णिमाको उपलक्ष्यमा चारुमती मिसन विहारमा बुद्धपूजा र धर्मदेशना सम्पन्न भयो । भिक्षु तपस्सीधम्मले शील प्रदान गर्नुका साथै ज्येष्ठपूर्णिमाको महत्वबारे धर्मदेशना गर्नु भयो । उक्त अवसरमा उपस्थित सबै उपासक-उपासिकाहरूलाई जलपानको व्यवस्था पनि गरिएको थियो ।

गुंला धर्मदेशना आरम्भ

आनन्दकुटी विहार, स्वयम्भू । विगत तीन वर्षदेखि गुंला महिनाभरि विभिन्न भन्ते, अनगारिका गुरुमांबाट धर्मदेशना गराउने कार्यक्रम यस वर्ष पनि आरम्भ भएको छ । गुंला महिनामा स्वयम्भूमा मेला भर्न आउने भक्तजनहरूलाई मध्यनजर राख्दै गत २०५९ सालमा आरम्भ भएको यस कार्यक्रममा सहभागी हुनु भएका उपासक-उपासिकाहरूले यस पुनीत कार्यलाई निरन्तरता दिनको लागि अनुरोध गरिएबमोजिम गुंला सकिएपछि प्रत्येक शनिवार पनि धर्मदेशनाको कार्यक्रम अविच्छिन्न रूपमा संचालन हुँदै आइरहेको छ । बिहान ६:३० देखि ७:३० सम्म एक घंटा सामुहिक विपश्यना ध्यानभावना पछि ७:३० देखि ८:३० सम्म धर्मदेशनाको कार्यक्रम संचालन हुँदैआइरहेको छ । कार्यक्रम पश्चात् विभिन्न श्रद्धालु उपासक-उपासिकाहरूले जलपानको पनि व्यवस्था हुँदै आइरहेको छ । यस वर्षको गुंलामा धर्मदेशना गर्नु हुने भन्ते, अनगारिका गुरुमांहरू यस प्रकार छन् – भिक्षु कुमारकाश्यप महास्थविर, भिक्षु अश्वघोष महास्थविर, भिक्षु ज्ञानपूर्णिक महास्थविर, भिक्षु गुणघोष महास्थविर, भिक्षु धम्मपाल, भिक्षु सुमेध, भिक्षु कोण्डन्य, भिक्षु भद्दिय, भिक्षु आनन्द, भिक्षु सद्धातिस्स, भिक्षु कोलित, भिक्षु संघरक्षित, भिक्षु उदयभद्र, भिक्षु सुशील, धम्मवती गुरुमां, वीर्यवती, अनुपमा, चमेली, धजवती । कुसुम), सुजाता, ञाणवती, अग्गञाणी, खेङपो वागीन्द्रशील ।

लुम्बिनी अन्तर्राष्ट्रिय बौद्ध विश्वविद्यालय प्राज्ञिक पक्षको तयारी समिति गठन

काठमाडौं । लुम्बिनी अन्तर्राष्ट्रिय बौद्ध विश्वविद्यालय संचालन तयारीका लागि धर्मोदय सभाको प्रतिनिधित्वमा ९ सदस्यीय 'लुम्बिनी अन्तर्राष्ट्रिय बौद्ध विश्वविद्यालय प्राज्ञिक तयारी समिति' गठन गरिएको छ । सो समितिको संयोजकमा डा. त्रिरत्न मानन्धर र सदस्य-सचिवमा प्रा. सुवर्ण शाक्य रहनु भएको छ भने सदस्यहरूमा भिक्षु आनन्द, डा. तुलसीराम वैद्य, डा. विद्यावीरसिंह कंसाकार, प्रा. विद्यामान शाक्य, डा. कृष्ण भट्टचन, डा. नरेशमान वज्राचार्य र मीनबहादुर शाक्य रहनु भएको छ । सन् १९९५ मा सम्पन्न प्रथम विश्व बौद्ध शिखर सम्मेलनबाट अन्तर्राष्ट्रिय बौद्ध विश्वविद्यालय स्थापना गर्नुपर्ने महसुस गरी सर्वसम्मतिबाट पारित हुनुका साथै श्री ५ को सरकारबाट स्वीकृतसमेत भइसकेको छ र सो सम्बन्धमा मस्यौदा विधेयकसमेत प्रस्तुत भइसकेको छ ।

वरिष्ठ भिक्षुहरूको अभिनन्दन सम्पन्न

काठमाडौं । श्रद्धेय भिक्षु सुबोधानन्द महास्थविर नेपालको संघनायक हुनुभएको एवं म्यानमार सरकारबाट आचार्य भिक्षु कुमारकाश्यप महास्थविर र भिक्षु विमलानन्द महास्थविरलाई 'अग्गमहासद्धम्म-जोतिक-धज' उपाधिले विभूषित हुनुभएको उपलक्ष्यमा उहाँहरूले नेपालको थेरवादी बुद्धशासनको इतिहासमा बुद्धधर्म प्रचार-प्रसार, उत्थान तथा संरक्षण कार्यमा पुऱ्याउनु भएको अविस्मरणीय योगदानको कदर गर्दै अखिल नेपाल भिक्षु महासंघले एक समारोहका बीच अभिनन्दन गरियो । कार्यक्रममा संघनायक भिक्षुलाई भिक्षु गुणघोष महास्थविरले, भिक्षु कुमारकाश्यपलाई भिक्षु धम्मशोभनले, भिक्षु विमलानन्दलाई भिक्षु शीलभद्रले अभिनन्दनपत्र प्रदान गर्नुभएको थियो । सो समारोहमा विभिन्न बौद्ध संघसंस्था, उपासक-उपासिकाहरूले पनि उहाँ भिक्षुहरूलाई अभिनन्दनपत्र प्रदान गर्नुभएको थियो । भिक्षु अश्वघोष महास्थविरको सभापतित्वमा संचालित उक्त समारोहमा नेपालका लागि थाइलैण्डका राजदूत फेन छोम

इन्चारन्साक्, श्रीलंकाली राजदूतावासका काउन्सिलर विमल डि सिल्भाले सम्मानित भन्तेहरूबाट नेपालको बुद्ध शासनलाई गर्नु भएको योगदानबारे आ-आफ्नो विचार प्रकट गर्नु भएको थियो । कार्यक्रममा भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट धन्यवादज्ञापन गरिएको थियो ।

गणमहाविहारमा अस्थिधातु प्रदर्शन

काठमाडौं । गणमहाविहारको ४१ औं वार्षिकोत्सवको उपलक्ष्यमा अस्थिधातु प्रदर्शन गरियो । विहारको स्थापना दिवसको उपलक्ष्यमा यस वर्ष तीन दिनसम्म विभिन्न कार्यक्रमहरू आयोजना गरिएको थियो । कार्यक्रमको अन्तिम दिन अस्थिधातु प्रदर्शन गर्नुका साथै बुद्धपूजा, श्रामणेर प्रव्रज्या, बौद्ध हाजिरीजवाफ प्रतियोगिता, निःशुल्क आँखा शिविर संचालन आदि कार्यक्रमहरू आयोजना गरियो । वि.सं. २०२० सालमा स्थापित उक्त विहार नेपालको ऐतिहासिक विहारहरू मध्ये एक हो ।

साहु ज्ञानज्योति कंसाकारको शोकसभा सम्पन्न

काठमाडौं । नेपालको बौद्ध क्षेत्रका अग्र धर्मानुदाता साहु ज्ञानज्योति कंसाकारको गुणानुस्मरण गर्दै धर्मोदय सभाको संयोजकत्वमा नेपालभाषा र बुद्धधर्मसंग सम्बन्धित विभिन्न संघसंस्थाहरूको संयुक्त शोकसभाको आयोजना गरियो । त्यस्तै ज्ञानमाला भजन खलः, स्वयम्भू, श्रीघः ज्ञानमाला भजन खलः, कसाः तःधं गुथि,नगदेश बौद्ध समूह लगायतका संस्थाहरूले पनि छुट्टाछुट्टै शोकसभाको आयोजना गरियो ।

उत्कृष्ट सम्पादकलाई चिट्ठीलाई पुरस्कार

काठमाडौं । बुद्धको तस्वीरसंगै रक्सीको विज्ञापन गर्नु गलत कार्य हो भन्दै कान्तिपुर राष्ट्रिय दैनिकलाई लेख्नु भएको सम्पादकलाई चिट्ठीलाई उत्कृष्ट सम्पादकको चिट्ठी भएको निर्क्योल गर्दै एक समारोहका बीच चिट्ठीका लेखक सागरमान वज्राचार्यलाई पुरस्कार प्रदान गरियो । भिक्षु अश्वघोष महास्थविर र भिक्षु कुमारकाश्यप महास्थविरको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा विज्ञान तथा प्रविधि मन्त्री बालाराम घर्तिमगरले उक्त शारदा-नन्दन स्मृति पारितोषिक पुरस्कार प्रदान गरियो ।

विभिन्न सांस्कृतिक बाजा समूहलाई अभिनन्दन गरियो

काठमाडौं । २५४८ औं बुद्धजयन्तीको उपलक्ष्यमा बुद्धजयन्ती समारोह समितिले आयोजना गरेको भगवान बुद्धको पवित्र अस्थिधातु शोभायात्रा नगरपरिक्रमा कार्यक्रममा सहभागी भएका विभिन्न सांस्कृतिक बाजा समूह, बौद्ध संघसंस्थालाई हालै एक समारोहका बीच अभिनन्दन पत्र प्रदान गरियो । बुद्धजयन्तीको उपलक्ष्यमा प्रत्येक वर्ष आनन्दकुटी विहार, स्वयम्भूमा प्रदर्शन गर्नुका साथै प्रत्येक चार वर्षमा विभिन्न सांस्कृतिक बाजागाजाकासाथ अस्थिधातु शोभयात्रा नगरपरिक्रमा गराउने परम्परा रहिआएको छ ।

विश्व बौद्ध शिखर सम्मेलनको लागि विभिन्न समिति गठन

काठमाडौं । आगामी मंसीर १५ देखि १७ सम्म बुद्धको जन्मभूमि लुम्बिनीमा हुन गइरहेको दोश्रो विश्व बौद्ध शिखर सम्मेलन सफलतापूर्वक सम्पन्न गराउनको लागि प्रधानमन्त्री शेरबहादुर देउवाको अध्यक्षतामा २०१ सदस्यीय मूल समिति गठन गरियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री एवं लुम्बिनी विकास कोषका अध्यक्ष दीपकुमार उपाध्यायको अध्यक्षतामा बसेको लुम्बिनी विकास कोषको कार्यकारिणी समितिको बैठकबाट उक्त निर्णय गरिएको थियो । सोही बैठकले मन्त्री दीपकुमार उपाध्यायको अध्यक्ष्यतामा ७५ सदस्यीय तयारी समिति पनि गठन गरियो । यस तयारी समितिअन्तर्गत सांस्कृतिक समिति, व्यवस्थापन समिति, अतिथि सत्कार समिति लगायत विभिन्न समितिहरू गठन हुने भएको छ ।

तेश्रो ज्ञानमाला भजन क्यासेट विमोचन

काठमाडौं । ज्ञानमाला भजन खलः स्वयम्भूको तेश्रो ज्ञानमाला भजन क्यासेट तथा सिडी आनन्दकुटी विहार, स्वयम्भूमा हालै एक समारोहका बीच विमोचन गरियो । प्रमुख अतिथि जनकवि दुर्गालाल श्रेष्ठबाट विमोचन भएको उक्त क्यासेटबारे भजन खलःका सहसचिव पूर्णकाजी ज्यापुले जानकारी गराइएको थियो । ज्ञानमालाका अध्यक्ष पन्नाकाजी शाक्यको सभापतित्वमा सम्पन्न भएको उक्त समारोहलाई उपाध्यक्ष पुण्य शाक्यले स्वागत गर्नुभएको थियो । त्यस्तै उक्त क्यासेटमा स्वर दिनुभएका गायकगायिकाहरू र क्यासेट निकाल्नलाई सहयोग पुऱ्याउनु हुने विभिन्न महानुभावहरूलाई धन्यवाद पत्र प्रदान गरिएको थियो ।

ऐतिहासिक भिक्षाटन

काठमाडौं । गत अनलापूर्णिमाका दिन काठमाडौं नजिक रहेको टोखामा प्रथम पटक ऐतिहासिक भिक्षाटन कार्यक्रम सम्पन्न भयो । टोखा बुद्ध विहारबाट प्रारम्भ भएको उक्त भिक्षाटन कार्यक्रममा मध्यपुर थिमिस्थित नगदेश बुद्ध विहारमा प्रव्रजित ११ जना श्रामणेर र टोखा बुद्ध विहारका १३ जना श्रामणेरहरूको सहभागीता रहेको थियो । ज्ञानमाला भजन गरेर आरम्भ भएको उक्त भिक्षाटन पश्चात् आयोजना भएको बुद्धपूजामा भिक्षु कोलितबाट पञ्चशील प्रदान गर्नु भएको थियो । साथै उहाँले दानको महत्वबारे धर्मदेशना पनि गर्नु भएको थियो ।

त्यस्तै ज्ञानमाला भजन खलः स्वयम्भूको आयोजनामा सोही भिक्षु, श्रामणेरहरूको समूहबाट काठमाडौंमा पनि भिक्षाटन कार्यक्रम सम्पन्न भयो ।

निबन्ध प्रतियोगितामा विजयीहरूलाई पुरस्कार प्रदान

ललितपुर । २५४८ औं बुद्धजयन्तीको उपलक्ष्यमा 'बुद्धधर्ममा धर्मधातु' विषयमा लोटस रिसर्च सेन्टरले आयोजना गरेको निबन्ध प्रतियोगितामा विजयीहरूलाई एक समारोहका बीच पुरस्कार वितरण गरियो । प्रमुख अतिथि अ. सुजाता गुरुमांले प्रमाण पत्र वितरण गर्नु भएको थियो । प्रतियोगितामा तीर्थरत्न शाक्य, काठमाडौं, रचना शाक्य ललितपुर, जिना शाक्य, ललितपुर क्रमशः प्रथम, द्वितीय, तृतीय हुनुभएको थियो । सेन्टरका अध्यक्ष डा. वज्रराज शाक्यको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा दिवंगत साहु ज्ञानज्योति कंसाकारका श्रीमती लक्ष्मीप्रभा कंसाकारले प्रथम, द्वितीय, तृतीय हुनुभएका प्रतियोगीहरूलाई क्रमशः रु. तीन हजार, दुइ हजार, पन्धसय र दुइजनालाई सान्त्वना पुरस्कार रु. पाँचसय प्रदान गर्नुभयो । उक्त निबन्ध प्रतियोगिता आयोजना गर्नको लागि साहु ज्ञानज्योतिले निधन हुनु पूर्व नै आर्थिक सहयोग गर्नु भएको थियो । उक्त सेन्टरले विगत पन्ध्र वर्षदेखि यस प्रकारको निबन्ध प्रतियोगिता आयोजना गर्दै आइरहेको थियो ।

नेत्रदान कार्यक्रम सम्पन्न

काठमाडौं । बुद्धज्योति अन्तर्राष्ट्रिय संघ नेपाल च्याप्टरले आफ्नो स्थापना दिवसको उपलक्ष्यमा नेत्रदान कार्यक्रम आयोजना गरियो । प्रमुख अतिथि धम्मवतीले गुरुमांले उद्घाटन गर्नु भएको उक्त कार्यक्रमको सभापतित्व संघका अध्यक्ष डा. अनोजा गुरुमांले गर्नु भएको थियो । कार्यक्रममा तिलगंगा आँखा बैंकका प्राविधिक भोलाबहादुर के.सी., आँखा बैंकका प्रबन्धक शंखनारायण त्वायना र नेत्रदाताको तर्फबाट रतिराम कपालीले आ-आफ्नो मन्तव्य प्रकट गर्नुभयो र प्रमुख अतिथिले नेत्रदान गर्नुभएका ९२ जना महानुभावलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

युवक बौद्ध मण्डलका साधारणसभा सम्पन्न

ललितपुर । युवक बौद्ध मण्डलको ३३ सौं वार्षिक साधारणसभा अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु कुमारकाश्यप महास्थविरले उद्घाटन गर्नु भयो । प्रमुख अतिथिबाट पञ्चशील प्रदान गरी आरम्भ भएको उक्त कार्यक्रममा विशेष अतिथिको रूपमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री एवं लुम्बिनी विकास कोषका अध्यक्ष दीपकुमार उपाध्यायको उपस्थिति रहेको थियो । मण्डलका अध्यक्ष राजेश शाक्यको सभापतित्वमा उक्त सभामा महासचिव सुरेन्द्र शाक्यले वार्षिक प्रतिवेदन र कोषाध्यक्ष सुविन्द्र वज्राचार्यले आर्थिक प्रतिवेदन पेश गर्नुभएको थियो । कार्यक्रममा लोकदर्शन वज्राचार्य, प्रा. आशाराम शाक्य, ओमकारप्रसाद गौचन, वेखारत्न शाक्य लगायतका वक्ताहरूले मण्डलको क्रियाकलापहरू माथि प्रकाश पार्नुभएको थियो ।

पंचवीरसिंह पुरस्कार प्रदान

काठमाडौं । बु.सं. २५४७ को पंचवीरसिंह पुरस्कार विजयलक्ष्मी शाक्य र लोकबहादुर शाक्यलाई युवा बौद्ध समूहले आयोजना गरेको एक समारोहमा प्रदान गरियो । नेपालभाषाको दैनिक पत्रिका सन्ध्या टाइम्समा प्रकाशित हुने बुद्धधर्म सम्बन्धी उत्कृष्ट लेखलाई प्रदान गरिने उक्त पुरस्कारको नगद पुरस्कार पंचवीरसिंह तुलाधरले र प्रमाणपत्र भिक्षु अश्वघोष महास्थविरले प्रदान गर्नु भएको थियो । सोहि समारोहमा साहु पंचवीरसिंह तुलाधरले आशा सफूकुथिलाई रु. ५५,५५५।- लुम्बिनीमा धर्मोदय चैत्य निर्माणको लागि रु. ५,५५,५५५।- प्रदान गर्नु भयो भने उहाँका श्रीमतीले पनि चैत्य निर्माणको लागि रु. २,००,०००।- सहयोग रकम प्रदान गर्नु भयो ।

आफ्नो क्षेत्रमा हुने विभिन्न बौद्ध गतिविधिहरूको जानकारी यस आनन्दभूमि बौद्ध मासिकलाई उपलब्ध गराई समाचार संकलनमा सहयोग पुऱ्याउनु होस् ।

आनन्दकुटी विहार गुथि

पोष्ट बक्स : ३००७, आनन्दकुटी विहार, स्वयम्भू
फोन : ४२७१४२०, फ्याक्स : ४२२८०९७
ई-मेल : anandkuti@mail.com

वृद्ध-वृद्धालाई भोजन गराएर पिताको श्राद्ध

काठमाडौं । गरुडपुराण सुनाएर बाहुनलाई कपडा, पलंगलगायतका विभिन्न सामानहरू दान गरेर पितृ उद्धार हुन्छ भन्ने अन्धविश्वासलाई चुनौती दिदै एक जना महिलाले पशुपति वृद्धाश्रमका वृद्धवृद्धालाई भोजन गराएर आफ्नो पिताको तेह्र दिनको श्राद्ध सम्पन्न गरेको छ । माता, पिता र ईश्वरलाई मान्यता राखेर आफु र अरुलाई संरक्षण गर्ने भावना लिएर संचालित आध्यात्मिक सामाजिक संस्थाका अध्यक्ष शर्मिला के.सी.ले उक्त चुनौतीपूर्ण कार्य गर्नुभएको थियो । उक्त भोजन कार्यक्रममा शब्द चिन्तन संघका अध्यक्ष अशोक श्रेष्ठ र बद्रीप्रसाद लामिछानेले छोरा र छोरीबीच गरिने असमान व्यवहार लाई हटाउँदै जन्मसंस्कार र मृत्युसंस्कारमा पनि समान अधिकार प्रदान गर्नु पर्ने मन्तव्य राख्नु भएको थियो ।